श्री सर्वोच्च अदालतमा चढाएको

रिट निवेदनपत्र

विषय : अन्तरिम आदेश र अग्राधिकार सहित उत्प्रेषण, परमादेश, प्रतिषेध वा नेपालको संविधानको धारा १३३(३) बमोजिम अन्य जुनसुकै उपयुक्त आदेश जारी गरिपाऊँ।

धनुषा जिल्ला नगराईन नगरपालिका वडा नं. २ घर भई हाल ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. १ मा बस्ने स्व. मकसुदन चौधरीको नाती, डा. नेवल चौधरीको छोरा, त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसको रूपमा रहेको नेपाल ल क्याम्पसमा सञ्चालित ५ वर्षे Bachelor of Arts and Bachelor of Laws (B.A.LL.B.) कार्यक्रमको नवौं (९ औं) सेमेस्टरमा अध्ययनरत तथा 'साइबर ल' **(Cyber Law)** विषयको अध्ययन समेत पूरा गरिसकेको वर्ष २३ को **कानुनको विद्यार्थी विवेक चौधरी** (मो.नं. ९८५१३५८९२१, इमेल : **chaudharybivek.ad@gmail.com**)---------- १ ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १३ बस्ने त्रि.वि कानून संकाय, नेपाल ल क्याम्पसमा, स्नातक तह **Bachelor of Arts and Bachelor of Laws (B.A.LL.B.)** मा अध्ययनरत वर्ष २३ को **कानूनको विद्यार्थी रोशन आउजी** (मो. नं. ९७४६४७६९९०)----------२ काठमाडौं जिल्ला महानगरपालिका माइतीघर वडा नं ११ मा बस्ने त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा रहेको नेपाल ल क्याम्पसमा संचालित ५ वर्षे **Bachelor of Arts, and Bachelor of Laws (B.A.LL.B.)** को सातौं सेमेष्टरमा अध्ययनरत वर्ष २१ को **कानूनको विद्यार्थी आशिष केशरी** (मो.नं. ९८०६८७२६८३)----------३ का.जि.का.म.न.पा वडा न. ११ वस्ने बस्ने त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा रहेको नेपाल ल क्याम्पसमा संचालित ५ वर्षे **Bachelor of Arts, and Bachelor of Laws (B.A.LL.B.)** अध्ययनरत वर्ष २५ को **कानुनको विद्यार्थी विकेश कुमार यादव** (इमेल: **bikeshkumaryadav59@gmail.com**)----------४ पर्सा जिल्ला वीरगंज महानगरपालिका वडा नं. १८ मा घर भई हाल .काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २८ मा बस्ने ध्यान सिंह राजपुत को नाती मोहन सिंह राजपुतको छोरा त्रि.वि, कानून संकाय, नेपाल ल क्याम्पसमा, स्नातक तह (**B.A.LL.B.**) मा अध्ययनरत कानूनको विद्यार्थी वर्ष २४ को **कानुनको विद्यार्थी प्रधुमन कुमार सिंह** (मो.नं. ९८१६२३२०२४)----------५ काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं २ बस्ने त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त नेशनल ल कलेज,सानेपा सञ्चालित ५ वर्षे **Bachelor of Arts, and**	निवेदक

यो निवेदन पत्र निवेदक कानुनको विद्यार्थी **विवेक चौधरी** अध्ययनरत लेखी कम्प्युटरमा टाइप गरिएको हो। कानून बमोजिम अयोग्य छैन भनि सही गर्ने **कानुनको विद्यार्थी विवेक चौधरी** १

लेखक

Bachelor of Laws (B.A.LL.B.) मा अध्ययनरत वर्ष २४ को **कानुनको विद्यार्थी निकेश नेपाल** (मो नं: ९८४५७६९५७०)----------६	

विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,सिंहदरबार, काठमाण्डौं.१ **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**, सिंहदरबार, काठमाडौँ.....२ **रक्षा मन्त्रालय**, सिंहदरवार, काठमाडौं, नेपाल.....३ **नेपाल ल क्याम्पस**, प्रदर्शनी मार्ग.....४ ऐ.ऐ. को **नेपाल जर्नल अफ लिगल स्टडिज (NJLS), खण्ड ४ का सम्पादकीय मण्डलका सम्पपूर्ण सदस्यहरू**, प्रदर्शनी मार्ग.....५ **त्रिभुवन विश्वविद्यालय**, कीर्तिपुर,काठमाडौं.....६ **प्रेस्स काउन्सिल नेपाल**, सञ्चारग्राम, तिलगंगा, काठमाडौं.....७ **नेपाल कानून व्यवसायी परिषद्**, कुपण्डोल.....८	विपक्षी

मुद्दा : **उत्प्रेषणसमेत**

हामी निवेदकहरू कानुनका विद्यार्थीहरू निवेदनबापत लाग्ने दस्तुर यसै साथ राखी निम्नबमोजिमको निवेदन गर्दछौँ:

क. निवेदकको परिचय र हकदैया: हामी निवेदकहरू त्रिभुवन विश्वविद्यालय तथा सम्बद्ध शिक्षण संस्था अन्तर्गत कानुन विषयमा स्नातक (B.A.LL.B.) अध्ययनरत विद्यार्थीहरू हौं। हामीले आआफ्नो प्राज्ञिक अध्ययनको क्रममा साइबर कानुन, डिजिटल गोपनीयता, प्रविधि र मानव अधिकारका विविध आयामहरूमा अनुसन्धानमूलक लेख-रचनाहरू (Research Articles/Papers) तयार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका जर्नलहरूमा प्रकाशन गर्दै आएका छौँ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को 'कार्यालयबाट प्राप्त मिति २०८३/०६/२१ को सूचनाबाट समेत **नेपालमा कृत्रिम बुद्धिमत्ता (AI) लाई मात्र विशेष रूपमा सम्बोधन गर्ने छुट्टै ऐन/नियमावली जारी नभएको कुरा स्पष्ट खुल्न आएको छ।** यसरी कुनै पनि आधिकारिक, प्रमाणित र नेपाल सरकारबाट अधिकृत कानुन वा मापदण्डको अभावमा, विपक्षी त्रिभुवन विश्वविद्यालय, नेपाल ल क्याम्पस तथा अन्य निकायहरूले **Turnitin company को iThenticate** जस्ता गैर-प्रमाणित. र केवल अनुमानित (Likely) नतिजा दिने सफ्टवेयरको AI Report को आधारमा अनुसन्धानमूलक लेखलगायत B.A.LL.B. कार्यक्रमको आवश्यकता (Fulfillment) पूरा गर्नका लागि तयार पारिने Clinical Law Report, Dissertation र Seminar Paper हरूलाई AI software ले दिने Threshold को आधारमा अस्वीकार गर्ने र बन्देज लगाउने कार्य गरिरहेका छन्। यसै क्रममा प.सं. ०८३/८४, च.नं. १७२२ , मिति २०८३/०७/२० गतेको पत्र बाट रक्षा मन्त्रालयले समेत आफ्नो सुरक्षा जर्नलका लागि सेनामार्फत यस्तै सफ्टवेयर प्रयोग गरी यस मन्त्रालयलाई आकर्षित नै नहुने त्रि.वि. एण्टी-प्लेजारिजम-सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन

CamScanner

CamScanner

सम्बन्धी विनियम, २०८० को आधारमा iThenticate software बाट AI परीक्षण गरिरहेको तथा प.सं. ०८३/८४, च.न ७२५ , मिति २०८३/०६/२६ पत्र हेर्ने हो भने - प्रेस काउन्सिल नेपाल समेत विना स्पष्ट मापदण्ड केवल अन्तर्राष्ट्रिय अभ्यासको हवाला दिएर यस्ता अव्यावहारिक नियमहरू लादिरहेका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रमा समेत हालसम्म AI लाई छुट्टै नियमन गर्ने कानुन बनिसकेको छैन भन्ने स्पष्ट उल्लेख हुँदाहुँदै शैक्षिक संस्थाहरूले यसरी अनधिकृत सफ्टवेयरको प्रयोग गर्नु पूर्ण रूपमा गैरकानूनी छ। विदेशी सर्भर (Foreign Server) मा विद्यार्थीहरूको वैयक्तिक सूचना तथा डिजिटल गोपनीयता स्थानान्तरण गर्ने यस्ता कार्यहरू वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ को विपरीत छन्। विपक्षी त्रिभुवन विश्वविद्यालयले मूल ऐन र नियमको अधिकारक्षेत्र बाहिर गई (Ultra Vires) बनाएका तथाकथित विनियमहरू र सोमा आधारित AI detection र सोमा प्रयोग गरिने software को अभ्यासहरूबाट हामी निवेदकहरू प्रत्यक्ष रूपमा प्रभावित र पीडित (Aggrieved Person) भएका छौँ। यसैगरि हामी निवेदकहरूले सातौँ सेमेस्टरमा अनिवार्य रूपमा पेस गर्नुपर्ने Seminar Paper तयार गर्दा, निवेदकहरूले आफैँ मौलिक रूपमा लेखेका अंशहरूलाई समेत त्रिभुवन विश्वविद्यालय एण्टी-प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विनियम, २०८० अनुसार प्रयोग गरिएको Turnitin/iThenticate को रिपोर्टले बारम्बार "Likely AI-generated" भनी देखाएको थियो। हामी निवेदकहरूले बारम्बार "*"[1] नदेखे सम्म आफ्नो Seminar Paper पुनर्लेखन, परिमार्जन र पुनःपेस गर्न बाध्य हुनुपरेको थियो। यसबाट निवेदकहरूको समय, श्रम र शैक्षिक प्रगतिमा क्षति पुगेको तथा मानसिक तनाव सिर्जना भएको थियो। यसको मूल कारण विपक्षीहरूले "Likely" भन्ने अनुमानित स्कोरलाई निर्णायक आधार बनाउने प्रणाली नै हो। निवेदक १, २, ३, ४, र ६ हाल नवौँ सेमेस्टरमा अध्ययनरत रहेका र निवेदक नं ५ सातौँ सेमेस्टर अध्ययनरत रहेका र यी सेमेस्टरमा पनि रिपोर्ट (सोधपत्र) पेस गर्नु पर्ने हुँदा सोमा iThenticate software बाट र NJLS को लेख रचना submission गर्दा समेत सोही AI Detection जाँच लागू हुने भएकाले, ढिलाई वा शैक्षिक आवश्यकता पूरा गर्ने अवसरबाट वञ्चित हुने जोखिम काल्पनिक नभई वास्तविक र निरन्तर छ। ***त्रिभुवन विश्वविद्यालयको ऐन र सो अन्तर्गतको निर्माण गरेको नियम वा विनियममा साहित्यिक चोरी (Plagiarism) भनेको के हो भन्ने विषयमा स्पष्ट परिभाषासमेत समावेश गरिएको छैन। अर्थात्, साहित्यिक चोरी केलाई मान्ने र कुन कार्यलाई साहित्यिक चोरीको संज्ञा दिने भन्ने आधारभूत विषयमै स्पष्ट कानुनी व्यवस्था तथा परिभाषाको अभाव रहेको छ।*** *विपक्षी त्रिभुवन विश्वविद्यालयलाई प्रस्तुत निवेदनमा उठाइएका विषयहरूका सम्बन्धमा पटक-पटक सूचनाको हक प्रयोग गरी सूचना माग गरेर तथा विभिन्न निवेदनमार्फत ध्यानाकर्षण गराउँदासमेत हालसम्म कुनै ठोस पहल वा निर्णय हुन सकेको छैन।* विपक्षीहरूद्वारा कृत्रिम बुद्धिमत्ता (AI) परीक्षणका लागि प्रयोग गरिने सफ्टवेयर तथा सोसम्बन्धी विनियम बदर गराउन र उक्त विनियम अन्तर्गतका कार्यहरू रोक्न अन्य र गोपनीयता संरक्षण गर्न कुनै वैकल्पिक उपचारको मार्ग नरहेको तथा यसबाट नेपालको संविधान, २०७२ द्वारा प्रत्याभूत विचार तथा अभिव्यक्ति स्वतन्त्रता (धारा १७), गोपनीयताको हक (धारा २८) र शिक्षासम्बन्धी हक (धारा ३१) लगायतका मौलिक हकहरू हनन भएको हुँदा संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम विपक्षीहरूको गैरकानुनी कार्यविरुद्ध आफ्ना मौलिक हक तथा विद्यार्थीहरूको बृहत अधिकारको

[1] AI detection scores under 20%, which we do not surface in new reports, have a higher likelihood of false positives. To reduce the likelihood of misinterpretation, no score or highlights are attributed and are indicated with an asterisk in the report (*%). (Turnitin Official Report Disclaimer)

CamScanner

संरक्षणका लागि यो व्यक्तिगत तथा सार्वजनिक सरोकार सरहको रिट निवेदन लिई सम्मानित अदालतसमक्ष उपस्थित भएका छौं।

ख. निवेदनको विषयवस्तु:

प्रस्तुत रिट निवेदनको मूल विषय, त्रिभुवन विश्वविद्यालय एण्टी-प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विनियम, २०८० (विशेषतः बुँदा १०(३)) बमोजिम, Turnitin कम्पनीको iThenticate जस्ता विदेशी निजी सफ्टवेयरले देखाएको "Likely AI-generated" भन्ने अनुमानित प्रतिशतलाई एकमात्र र निर्णायक आधार बनाई विद्यार्थीका शोधपत्र (Dissertation), सेमिनार पेपर, क्लिनिकल रिपोर्ट र जर्नल लेखहरू अस्वीकार, रोक्का वा बन्देज गर्ने विपक्षीहरूको कार्य हो। त्यस्तो कार्य कानुनी आधारविहीन, अधिकारक्षेत्रविहीन (Ultra Vires) र संविधानसँग बाझिएको छ। **नेपालको कुनै ऐनले "AI Plagiarism" लाई परिभाषित गरेको छैन, कसुर वा दण्डनीय कार्य मानेको छैन, र AI प्रयोग पत्ता लगाउने कुनै आधिकारिक सफ्टवेयर वा मापदण्ड तोकेको छैन।** Plagiarism को परिभाषा हेर्ने हो भने Black's Law Dictionary ले ' the deliberate and knowing presentation of another person's original ideas or creative expressions as one's own 'भनेर परिभाषा दिएको देखिन्छ। यसैगरी, ***फिलिपिन्सको सर्वोच्च अदालतले*** In the Matter of the Charges of Plagiarism, etc., against Associate Justice Mariano C. Del Castillo (A.M. No. 10-7-17-SC) को फैसलामा "***plagiarism presupposes intent and a deliberate, conscious effort to steal another's work and pass it off as one's own***[2]" सिद्धान्त कायम गरेको देखिन्छ **अर्थात साहित्यिक चोरीका लागि वदनीयत, जानाजानी र सचेत रूपमा अरूको कार्य चोरी गरी आफ्नै भनी प्रस्तुत गर्ने प्रयास हुनु आवश्यक मानिन्छ" भनी सिद्धान्त कायम भएको देखिन्छ। यस अनुसार "अरूको कार्य" हुन सो सामग्री कुनै प्राकृतिक व्यक्तिको मौलिक सिर्जना हुनुपर्छ र त्यसमा उसको अधिकार वा दावी (claim) हुनुपर्छ। तर, कृत्रिम बौद्धिकता (AI) स्वयं व्यक्ति नभएको र उसले आफ्नो ownership वा claim नै नगर्ने हुनाले AI जन्य सामग्रीको प्रयोगमा Plagiarism को वस्तुगत आधार prima facie मै आकर्षित हुँदैन । यसै गरि फिलिपिन्सको सर्वोच्च अदालतले** Piccio v. House of Representatives Electoral Tribunal and Rosanna Vetgara **मुद्दामा The passing off of the work of another as one's own is thus an indispensable element of plagiarism [3]भनेर** सिद्धान्त कायम गरेको देखिन्छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८३/०६/२१ को पत्रले पनि AI लाई सम्बोधन गर्ने छुट्टै ऐन वा नियमावली नभएको तथ्य पुष्टि गरेको छ। **त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ ले प्रदान गरेको सामान्य नियम बनाउने अधिकारको सीमाभित्र रही तथा आफैंले बनाएको नियममा समेत ऐनले विनियम बनाउन स्पष्ट अधिकार प्रदान नगरेको अवस्थामा, आफैंले निर्माण गरेको नियमको दफा ३९७ को आधार लिई बनाइएको विनियममार्फत मूल ऐनमा नै व्यवस्था नभएको प्रतिवन्ध तथा शैक्षिक दण्डात्मक परिणाम (शोधपत्र अस्वीकार गर्ने) सिर्जना गरिएको छ र यो** प्रत्यायोजित विधायनको सीमा नाघ्ने कार्य हो। Turnitin/iThenticate ले आफ्नै आधिकारिक लेखहरूमा "**Similarity does**

---

[2] हेर्नुहोस: https://elibrary.judiciary.gov.ph/thebookshelf/showdocsfriendly/1/52091

[3] हेर्नुहोस: https://lawphil.net/judjuris/juri2021/oct2021/gr_248985_2021.html

CamScanner

CamScanner

not equal plagiarism" [4]र AI checker ले "conclusive judgment" दिन सक्दैन भनी स्प गरेको छ। निवेदकहरूको परीक्षणमा iThenticate ले AI भनी फ्ल्याग गरेका अंश ZeroGPT मा "human written" देखिए भने Grammarly मा फेरि AI देखियो। यसले नतिजा विरोधाभासपूर्ण र अविश्वसनीय छ भन्ने प्रमाणित गर्छ। University of Virginia (OVPR) को आधिकारिक धारणा र Matter of Newby v. Adelphi University को नजिरले पनि यही कुरा पुष्टि गर्छन्। विपक्षी विश्वविद्यालय र निकायहरूले विद्यार्थीलाई सुनुवाइ, खण्डन गर्ने मौका वा स्वतन्त्र मानवीय मूल्याङ्कनको कुनै संयन्त्र दिएका छैनन्। यो प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन हो। साथै "Likely" भन्ने सम्भाव्यता प्रमाण होइन (Probabilities are not proofs)। Turnitin ले विद्यार्थीको नाम, इमेल, शोधपत्र/निबन्ध, किस्ट्रोक र मेटाइएका अंशसम्मका लेखन प्रक्रिया डेटा, IP/device विवरण र लगइन समय सङ्कलन गर्छ। यी विवरण विदेशी निजी कम्पनीको सर्भरमा पठाउँदा विद्यार्थीको स्पष्ट सहमति, वैधानिक आधार र सुरक्षा ग्यारेन्टी छैन। यो वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ र संविधानको धारा २८ को उल्लङ्घन हो। AI नियमनको अधिकार नेपाल सरकार कार्यविभाजन नियमावलीअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्षेत्रमा देखिन्छ। त्यसैले नीतिगत शून्यता भएसम्म विश्वविद्यालय, ल क्याम्पस, प्रेस काउन्सिल, कानून व्यवसायी परिषद् वा रक्षा मन्त्रालयले आफैं AI-detection दण्ड सिर्जना गर्न मिल्दैन।

ग. AI Plagiarism' सम्बन्धमा प्रचलित कानुनमा कुनै स्पष्ट कानुनी परिभाषा तथा व्यवस्था नरहेको, साहित्यिक चोरी (Plagiarism) को परिभाषाभित्र मात्र AI को प्रयोग नसमेटिने र AI को प्रयोगबाट सिर्जित सामग्रीलाई मात्र साहित्यिक चोरी मात्र नमिल्ने:

१. प्रचलित नेपाल कानूनमा 'AI Plagiarism' (कृत्रिम बौद्धिकताको प्रयोगबाट हुने साहित्यिक चोरी) सम्बन्धी कुनै पनि स्पष्ट कानूनी परिभाषा, आधार वा व्यवस्था उपलब्ध छैन। प्राज्ञिक तथा बौद्धिक जगतमा स्थापित परम्परागत साहित्यिक चोरी (Plagiarism) भन्नाले अर्को कुनै व्यक्तिको प्रकाशित वा अप्रकाशित सिर्जना, विचार, वा शब्दहरूलाई उचित श्रेय (Citation/Credit) नदिई हुबहु वा आफ्नै मौलिक रूपमा प्रस्तुत गर्ने कार्य (Literary Theft) लाई बुझाउँछ। भारतको P.B. Hruday v. The Vice Chancellor[5], मुद्दामा Karnataka High Courtले ***Plagiarism occurs when someone - a hurried student, a neglectful professor, an unscrupulous writer - falsely claims someone else's words, whether copyrighted or not, as his own*** भन्ने सिद्धान्त प्रतिपादन गरेको देखिन्छ। विशेषगरी, उक्त सिद्धान्तलाई सूक्ष्म रूपमा अवलोकन गर्दा अरूको **शब्द, सामग्री वा अभिव्यक्तिलाई आफ्नो भनी दावी गर्नु नै Plagiarism हो।** यसका लागि सम्बन्धित सामग्री प्रतिलिपि अधिकार (Copyright) अन्तर्गत संरक्षित हुनैपर्ने अनिवार्यता छैन भन्ने मूलभूत कुराहरू स्थापित भएको पाइन्छ । यसै गरि **ANI MEDIA PVT. LTD. v. OPEN AI OPCO LLC, 2026** [6] **मुद्दामा भारतको** Delhi High Court **ले The AI platforms... provide a reference and do not claim that the information is theirs. Hence, the output/responses**

---

[4] हेर्नुहोस: https://www.ntu.edu.sg/research/resources/guide-on-the-use-of-similarity-checkers (Software such as iThenticate / Turnitin work as text similarity checkers, and are not actual plagiarism detectors even if they are commonly referred to as such)

[5] 2021 KANTLJ 2 172, (Nov 18, 2020)

[6] DHC:5900, (Jul 24, 2026)

CamScanner

CamScanner

generated by AI platforms cannot be stated to be a violation of copyright. भनेर सिद्धान्त समेत कायम गरेको देखिन्छ।

२. मानिस स्वयम्द्वारा सिर्जना गरिने मौलिक बौद्धिक रचनाहरूमा प्रतिलिपि अधिकार निहित हुन सक्छ, तर **कृत्रिम बौद्धिकता (AI) का माध्यमबाट उत्पादित वा सिर्जित सामग्रीहरूमा AI स्वयम्ले आफ्नो स्वामित्व वा प्रतिलिपि अधिकार दावी (Claim) गर्दैन।** उदाहरणका लागि, **विश्व प्रसिद्ध कृत्रिम बौद्धिकता प्रदायक संस्था OpenAI को Terms of Use लाई हेर्ने हो** भने पनि प्रतिलिपि अधिकारका सम्बन्धमा स्पष्ट व्यवस्था गरिएको छ कि **जसले इनपुट (Input) प्रदान गर्छ र आउटपुट (Output) प्राप्त गर्छ, उसैमाथि सो सामग्रीको अधिकार (Ownership) निहित हुन्छ।** [7]

Content

Your content. You may provide Input to the Services ("Input"), and receive output from the Services based on the Input ("Output"). Input and Output are collectively "Content." You are responsible for Content, including ensuring that it does not violate any applicable law or these Terms. You represent and warrant that you have all rights, licenses, and permissions needed to provide Input to our Services.

Ownership of content. As between you and OpenAI, and to the extent permitted by applicable law, you (a) retain your ownership rights in Input and (b) own the Output. We hereby assign to you all our right, title, and interest, if any, in and to Output.

(प्रमाण क: <u>यो फोटो प्रमाण Open Ai को terms of Use मा उल्लेख भएको विषयको अंश हो)</u>

यसरी स्वामित्व वा प्रतिलिपि अधिकारको दाबी नै हुन नसक्ने **प्रविधिको प्रयोगलाई प्रतिलिपि अधिकारको उल्लङ्घन वा साहित्यिक चोरी (Plagiarism) को दायरामा राख्न मिल्दैन।**

३. प्रचलित कानूनले अनुसन्धान कार्यमा सहायक उपकरणका रूपमा प्रविधिको प्रयोगलाई निषेध वा अस्वीकार नगरेको अवस्थामा, यसलाई प्लागरिजम वा प्रतिलिपि अधिकारसँग जोडी शोधपत्रहरू अमान्य गर्नु कानुनी, प्राज्ञिक र तार्किक रूपमा पूर्णतया आधारहीन छ।

४. प्रचलित प्रतिलिपि अधिकार ऐन, २०५९ को विस्तृत अध्ययन तथा अवलोकन गर्दा यस ऐनमा कृत्रिम बौद्धिकता (Artificial Intelligence - AI) वा 'एआई प्लागरिजम' (AI Plagiarism) को बारेमा प्रत्यक्ष वा स्पष्ट रूपमा कुनै पनि व्यवस्था गरिएको छैन। यो ऐन मूलतः प्रतिलिपि अधिकार, प्रस्तोताको अधिकार, ध्वनि अङ्कन उत्पादकको अधिकार र प्रसारण संस्थाको अधिकारको

---

[7] Your content. You may provide Input to the Services ("Input"), and receive output from the Services based on the Input ("Output"). Input and Output are collectively "Content." You are responsible for Content, including ensuring that it does not violate any applicable law or these Terms. You represent and warrant that you have all rights, licenses, and permissions needed to provide Input to our Services. हेर्नुहोस:"
https://openai.com/policies/row-terms-of-use/"

CamScanner


संरक्षण गर्नेका लागि बनेको हो। यस ऐनमा परम्परागत **साहित्यिक चोरी वा प्रतिलिपि अधिकारको उल्लङ्घन (Copyright Infringement)** लाई दफा २५ मा समेटिएको भए तापनि, **त्यसमा मानिसले अर्काको बौद्धिक सम्पत्ति हुबहु चोर्ने वा अनुमतिविना व्यापारिक लाभका लागि प्रयोग गर्ने सन्दर्भलाई मात्र इङ्गित गरिएको छ।** यसले आधुनिक युगमा अनुसन्धानकर्ताहरूले भाषा परिमार्जन गर्न वा सहायक उपकरणका रूपमा प्रयोग गर्ने **कृत्रिम बौद्धिकता (AI)** र त्यसबाट सिर्जित सामग्रीलाई कुनै पनि प्रकारले समेट्दैन तथा परिभाषित गर्दैन। नेपालको प्रचलित प्रतिलिपि अधिकार ऐन, २०५९ मा 'AI Plagiarism' को कुनै पनि कानुनी परिभाषा, व्यवस्था वा दण्डात्मक प्रावधान रहेको छैन।

५. AI ले कुनै मानव लेखकको बौद्धिक सम्पत्ति प्रत्यक्ष रूपमा चोर्ने (Stealing) नभई उपलब्ध डेटा र अल्गोरिदमको आधारमा नयाँ वाक्य संरचना र भाषा जेनेरेट गर्ने हुँदा, यसरी AI को प्रयोगबाट सिर्जित वा उत्पादित सामग्रीलाई मात्र साहित्यिक चोरी (Plagiarism) भनी अर्थ्याउनु र त्यसैका आधारमा अनुसन्धान प्रतिवेदनहरू अस्वीकार गर्नु पूर्ण रूपमा तार्किक, प्राज्ञिक र कानूनी मान्यता विपरीत हुन्छ।

घ. <u>AI Detection गर्ने विभिन्न सफ्टवेयरवाट परस्पर विरोधाभासपूर्ण नतिजा प्राप्त हुने तथा वैज्ञानिक रूपमा प्रमाणित मापदण्डको अभावमा निजी संस्थाद्वारा विकसित सफ्टवेयरको नतिजाको अविश्वसनीयताबारे:</u>

हामी निवेदकले प्राज्ञिक अनुसन्धानका क्रममा विश्वविद्यालयद्वारा प्रयोग गरिएको एआई डिटेक्सन सफ्टवेयर (Turnitin/iThenticate) को प्राविधिक पक्ष र यसको कार्यप्रणालीको गहिरो अध्ययन तथा परीक्षण गरेका थियौ । उक्त परीक्षणको क्रममा निम्नलिखित गम्भीर त्रुटि र विरोधाभासहरू देखा परियो :

१. सफ्टवेयर स्वयंले चेतावनी (Caution) दिएको तथ्य: विश्वविद्यालयले प्रयोग गर्ने भनिएको Turnitin कम्पनीको iThenticate सफ्टवेयरले प्रदान गर्ने AI रिपोर्टमा "The percentage indicates the combined amount of likely AI-generated text as well as **<u>likely</u>** AI-generated text that was also likely AI-paraphrased. Caution: Review required. It is essential to understand the limitations of AI detection before making decisions about a student's work" भनी स्पष्ट रूपमा उल्लेख गरिएको छ। यसबाट सफ्टवेयरको नतिजा पूर्ण रूपमा **निश्चित नभई केवल सम्भावित मात्र रहेको र यसको सीमा (Limitations) रहेको कुरा स्वयम् निर्माता कम्पनीले स्वीकार गरेको छ।**



२. **परस्पर विरोधाभासपूर्ण र अविश्वसनीय नतिजा:** iThenticate सफ्टवेयरले जुन-जुन अंश वा वाक्यहरू AI भनी हाइलाईट (Highlight) वा फ्ल्याग (Flag) गरेको थियो, ती, ती

CamScanner


सामग्रीहरूलाई अन्य प्रचलित एआई डिटेक्शन सफ्टवेयरहरूमा परीक्षण गर्दा "AI होइन' (Non-AI / Human-written) भन्ने नतिजा प्राप्त भएको छ। जसको केहि झलक प्रमाण निम्न अनुसार रहेको छ :

iThenticate


grateful to my peers, family, and all those whose support has been invaluable in the preparation of this report

It is my sincere hope that this report, despite its limitations as a student effort, will serve as a small contribution to the academic and legal discourse on political accountability and will encourage further debate on the enforceability of electoral promises in a constitutional democracy.

प्रमाण नं १ : Ithenticate Software ले AI Flag गरेको प्रमाण



प्रमाण नं २ : "iThenticate सफ्टवेयरले एआई (AI) भनी फ्ल्याग (Flag) वा पहिचान गरेका अंशहरूलाई ZeroGPT जस्ता अन्य डिटेक्सन सफ्टवेयरमार्फत परीक्षण गर्दा त्यहाँ **'Your text is human written'** (अर्थात् मानवद्वारा लिखित) भन्ने नतिजा प्राप्त भयो ।"



CamScanner

प्रमाण नं: ३ यी कुरालाई Grammarly सफ्टवेयरमा समेत परीक्षण (Verification) गर्दा एआई (AI) नभएको नतिजा प्राप्त भयो जसमा ० % of this text appears to be AI –generated उल्लेख थियो।

३. माथि उल्लेख गरिएका प्रमाणहरू र तथ्याङ्कहरूबाट यो स्पष्ट हुन्छ कि त्रि.विको यो विनियम कुनै निश्चित, वस्तुनिष्ठ र वैज्ञानिक आधारको मूल्याङ्कन बिना जारी गरिएको छ। यो विवाद केवल एउटा सीमित परीक्षणमा मात्र सीमित छैन; **हामी निवेदकहरू स्वयम्ले आफ्नो अनुसन्धान कार्यमा प्रयोग गरेका शब्द तथा वाक्यहरूलाई विश्वविद्यालयले दावी गरेको iThenticate सफ्टवेयरमा परीक्षण गर्दा AI फ्ल्याग गरिएको अंशलाई अन्य प्रचलित डिटेक्सन सफ्टवेयरहरू (जस्तै: ZeroGPT) मा परीक्षण गर्दा 'Human written' भन्ने नतिजा प्राप्त भयो। त्यति मात्र होइन, तिनै शब्दहरूलाई Grammarly जस्ता अन्य सहायक सफ्टवेयरमा परीक्षण गर्दा समेत परस्पर विरोधी रूपमा AI नै भएको नतिजा प्राप्त हुने गरेको पाइएको छ। यसरी एउटै सामग्रीमा पनि विभिन्न सफ्टवेयरहरूबाट पूर्णतया भिन्न, विरोधाभासपूर्ण र अविश्वसनीय नतिजाहरू आउनुले यी प्रविधिहरू प्राज्ञिक निर्णयको आधार बन्ने सक्दैनन् भन्ने कुरा स्पष्ट हुन्छ।**

ङ. Turnitin स्वयंले आफ्नो सफ्टवेयरको सीमितता स्वीकार गरेको अवस्था :

'विपक्षी त्रिभुवन विश्वविद्यालयले अनुसन्धानमा प्राज्ञिक शुद्धता कायम गर्ने उद्देश्यले Turnitin जस्तो प्रविधिको प्रयोग गरेको भए तापनि उक्त प्रविधिबाट प्राप्त हुने नतिजालाई नै प्राज्ञिक अनियमितता वा कृत्रिम बुद्धिमत्ता (AI) को प्रयोग भएको निर्णायक प्रमाणका रूपमा ग्रहण गर्न मिल्ने हुँदैन। यस सम्बन्धमा स्वयं Turnitin ले **मिति १५ नोभेम्बर २०२३** मा प्रकाशित **"How does iThenticate work? Tools for advancing research integrity**[8]**"** शीर्षकको आधिकारिक लेखमा आफ्नो Similarity Report सम्बन्धमा स्पष्ट रूपमा **"Similarity does not equal plagiarism"** भनी स्वीकार गरेको छ। त्यस्तै, **AI Detection सम्बन्धमा "While an AI checker tool highlights the potential use of AI, it can't offer a conclusive judgment"** भनी उल्लेख गर्दै AI Detection बाट प्राप्त अङ्कलाई अन्तिम निष्कर्ष नभई विस्तृत अनुसन्धानको एउटा सूचकका रूपमा मात्र लिनुपर्ने तथा **"prioritizing human interpretation"** गर्नुपर्ने कुरामा जोड दिएको छ। साथै, सम्भावित False Positive, सम्बन्धित लेखकको मनसाय (Intent) तथा निजको पूर्ववर्ती लेखन क्षमता (Author's known capabilities) समेतलाई विचार गर्नुपर्ने कुरा स्वयं उक्त कम्पनीले स्वीकार गरेको छ। **यसरी प्रविधिको विकास तथा व्यावसायिक प्रयोग गर्ने कम्पनी स्वयंले आफ्नो सफ्टवेयरबाट प्राप्त नतिजा निर्णायक नभई थप मानवीय परीक्षण तथा विवेकपूर्ण मूल्याङ्कनको विषय भएको स्पष्ट पारेको अवस्थामा विपक्षी विश्वविद्यालयले त्यस्तो प्राविधिक प्रतिवेदनलाई नै स्वतःसिद्ध तथा अन्तिम प्रमाणका रूपमा ग्रहण गरी निवेदकको शैक्षिक भविष्यमा प्रतिकूल असर पर्ने निर्णय गर्नु न्यायोचित हुन सक्दैन। कुनै पनि प्राविधिक प्रतिवेदनलाई आधार बनाउँदा त्यसको विश्वसनीयता, सीमितता, सम्भावित त्रुटि, परीक्षणको आधार तथा सम्बन्धित व्यक्तिलाई आफ्नो प्रतिरक्षा प्रस्तुत गर्ने उचित अवसर प्रदान गरिएको छ वा छैन भन्ने कुराको स्वतन्त्र र वस्तुनिष्ठ परीक्षण हुनु अनिवार्य हुन्छ। अन्यथा, प्राविधिक**

[8] हेर्नुहोस: https://www.turnitin.com/blog/how-does-ithenticate-work-tools-for-advancing-research-integrity

CamScanner

उपकरणले उत्पन्न गरेको सम्भावित निष्कर्षलाई मानवीय विवेक, प्रमाणको मूल्याङ्कन तथा 'प्राकृतिक न्यायका सिद्धान्तभन्दा माथि राखेको अवस्था सिर्जना हुन जान्छ।

च. विद्यमान कानुनी व्यवस्था र विनियमको अधिकारक्षेत्र (Ultra Vires) प्रश्न:

१. त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ दफा ३४ ले विश्वविद्यालयलाई ऐनको उद्देश्य कार्यान्वयनका लागि आवश्यक नियम बनाउने सम्मको अधिकार प्रदान गरेको भए तापनि त्यस्तो अधिकार असीमित वा स्वेच्छाचारी भने हुँदैन । प्रशासनिक कानूनको सर्वमान्य सिद्धान्त अनुसार प्रत्यायोजित अधिकार प्रयोग गरी बनाइने कानून मूल ऐनको उद्देश्य, भावना र सीमाभित्र रहनुपर्दछ। भारतको Kerala High court द्वारा (Ambika Rijith v. State of Kerala, 2025[9]) मा प्रतिपादित सिद्धान्त हेर्ने हो भने 'Delegated legislation should not travel beyond the purview of the parent Act. If it does, it is ultra vires and cannot be given any effect' भनी स्पष्ट गरिएको छ। **विनियममार्फत मूल ऐन तथा नियममा व्यवस्था नै नभएका नयाँ कसुर, दण्ड वा प्रतिबन्ध सिर्जना गर्न सक्दैन।**

२. **भारतको सर्वोच्च अदालतद्वारा Union of India and Others v. S. Srinivasan [2012 (7) SCC 683]** and the earlier judgments in ***Indian Express Newspapers (Bombay) Private Ltd. and Others. Vs. Union of India and Others [(1985) 1 SCC 641], General Officer Commanding-in-Chief and Another v. Dr.Subhash Chandra Yadav and Another [(1988) 2 SCC 351], Additional District Magistrate (Rev) Delhi Admn. v. Siri Ram [(2000) 5 SCC 451], Sukhdev Singh and Others v. Bhagatram Sardar Singh Raghuvanshi 178 and Another [(1975) 1 SCC 421], Kunj Behari Lal Butail and Others v. State of H.P and Others[(2000) 3 SCC 40], Mahalakshmi Sugar Mills Company Limited and Another v. Union of India and Others [(2009) 16 SCC 569]*** **प्रत्यायोजित विधायनको विषयमा निम्न सिद्धान्त र मापदण्डहरू कायम गरेको देखिन्छ**: (i)The rule must conform to the provisions of the statute under which it is framed. (ii) It must also come within the scope and purview of the rule-making power of the authority framing the rule. (iii) Conferment of rule-making power by an Act does not enable the rule-making authority to make a rule which travels beyond the scope of the enabling Act. (iv) Rules cannot be made to supplant the provisions of the enabling Act but to supplement it. (V) Rules shall not be ultra vires the Constitution and shall not go against the legislative policy of the statute. (vi) Subordinate legislation does not carry the same degree of immunity that is enjoyed by a statute passed by a competent legislature. (vii) Subordinate legislation yields to plenary legislation and so a rule made under a statute can be questioned on the ground that it is contrary to some other statute.(viii) Rules made under a statute cannot be unreasonable. (ix) Rule made under a statute

[9] WP(C) 11338/2024, (Jan 9, 2025) उपलब्ध: https://indiankanoon.org/doc/99782112/

CamScanner

must establish the pattern of conduct to be followed and shall not be used to enlarge the powers beyond the scope intended by the legislature.(x) When a statute confirms a general rule making power, the rule so made shall satisfy the test of falling within the scope of such power and must fulfill the object and purpose of the enabling Act. (xi) The delegate on whom a rule making power is conferred with has to act within the limits of the authority conferred by the Act. (xii)The powers of statutory bodies are derived, controlled and restricted by the statutes which create them and any action of such bodies in excess of their power or in violation of the restrictions placed on their powers is ultra vires.

३. **प्रत्यायोजित विधायनको सीमा र सारवान अधिकार सिर्जना गर्न नसकिने सिद्धान्त सम्बन्धी:**

प्रत्यायोजित वा अधीनस्थ कानुन (Delegated/Subordinate Legislation) ले मूल ऐनको सीमा नाघेर नयाँ सारवान अधिकार वा दायित्व सिर्जना गर्न सक्दैन भन्ने सिद्धान्त स्थापित भइसकेको छ। भारतको सर्वोच्च अदालतले **National Insurance Company Limited, Lucknow v. Lavkush (2017)**[10] को मुद्दामा निम्नबमोजिम व्याख्या गरेको छ: "Delegated/subordinate legislation neither can create substantive rights and obligations nor can enhance efficacy or reduce normal functional ambit of principal legislation[11]." प्रस्तुत विवादमा त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ ले दिएको सामान्य नियम बनाउने अधिकारको दायरा नाघी, विनियमको **बुँदा १०(३) मार्फत मूल ऐनमा नभएको AI Plagiarism को कसुर तथा शोधपत्र अस्वीकार गर्नेजस्तो दण्डात्मक दायित्व (Substantive Obligation/Restriction) सिर्जना गरिएको छ। तसर्थ, उक्त विनियम प्रत्यायोजित विधायनको सीमाविपरीत भई Ultra Vires (अधिकारक्षेत्र बाहिरको) भएकाले बदरभागी छ।**

४. **प्रत्यायोजित विधायनका सिद्धान्तहरू र त्रिवि विनियमको उल्लङ्घनको तुलनात्मक तालिका:**

सि.नं.	भारतको सर्वोच्च अदालतद्वारा प्रतिपादित प्रत्यायोजित विधायनका सिद्धान्तहरू	त्रिभुवन विश्वविद्यालय एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विनियम, २०८० द्वारा कसरी उल्लङ्घन भयो?
(i)	**The rule must conform to the provisions of the statute under which it is framed.** *(नियम सधैं*	मूल ऐन (*त्रिभुवन विश्वविद्यालय ऐन, २०४९*) तथा नियममा कतै पनि कृत्रिम बौद्धिकता (AI) को प्रयोगलाई 'प्लागरिजम' वा कसुर मानिने भनी

[10] हेर्नुहोस: https://indiankanoon.org/doc/58560044/

[11] Para 82 of National Insurance Company Limited, Lucknow v. Lavkush

CamScanner

सि.नं.	भारतको सर्वोच्च अदालतद्वारा प्रतिपादित प्रत्यायोजित विधायनका सिद्धान्तहरू	त्रिभुवन विश्वविद्यालय एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विनियम, २०८० द्वारा कसरी उल्लङ्घन भयो?
	त्यसलाई फ्रेम गरिएको मूल ऐनका प्रावधानहरूसँग मेल खाने हुनुपर्छ।)	**कुनै व्यवस्था छैन।** तसर्थ, विनियमले यसलाई प्रतिबन्धित गर्नु मूल ऐनको प्रावधानसँग मेल खाँदैन।
(ii)	**It must also come within the scope and purview of the rule-making power of the authority framing the rule.** *(यो नियम बनाउने निकायको अधिकारक्षेत्रको दायरा र परिधिभित्र हुनुपर्छ।)*	त्रिवि कार्यकारी परिषद्ले नियम ३९७ बमोजिमको अधिकार प्रयोग गरेको दांबी गरे तापनि, मूल ऐनले AI को प्रयोगलाई निषेध गर्ने, सोको आधारमा थेसिस वा अनुसन्धान प्रतिवेदन अमान्य गर्ने वा अस्वीकार गर्ने जस्ता शैक्षिक तथा प्रशासनिक प्रतिबन्धात्मक परिणाम (Academic and Administrative Restrictions) सिर्जना गर्ने अधिकार उक्त निकायलाई प्रत्यायोजन गरेको छैन। यस्ता व्यवस्था नियम निर्माणको प्रत्यायोजित अधिकारक्षेत्रभन्दा बाहिर रहेका छन्।
(iii)	**Conferment of rule-making power by an Act does not enable the rule-making authority to make a rule which travels beyond the scope of the enabling Act.** *(ऐनले नियम बनाउने अधिकार दिएको छ भन्दैमा ऐनको दायराभन्दा बाहिर जान मिल्दैन।)*	ऐनले दिएको सामान्य नियम बनाउने अधिकारको दायरा नाघेर विनियमको बुँदा १०(३) मा **'AI Detected Content' का आधारमा थेसिस नै अस्वीकार गर्न सकिने व्यवस्था गर्नु ऐनको दायरा वाहिर जानु हो।**
(iv)	**Rules cannot be made to supplant the provisions of the enabling Act but to supplement it.** *(नियमहरू मूल ऐनका प्रावधानहरूलाई विस्थापित गर्न होइन, सहयोग गर्न मात्र बन्छन्।)*	विनियमले अनुसन्धान प्रवर्द्धन गर्ने ऐनको मूल मर्मलाई सहयोग गर्नुको सट्टा, **AI का नाममा शोधार्थीहरूको प्राज्ञिक अधिकारलाई संकुचित र विस्थापित (*supplant*) गरेको छ।**
(v)	**Rules shall not be ultra vires the Constitution and shall not**	पूर्वप्रचलित कानूनबिना सजाय वा कसुर निर्धारण गर्न नपाइने संवैधानिक हक

CamScanner

सि.नं.	भारतको सर्वोच्च अदालतद्वारा प्रतिपादित प्रत्यायोजित विधायनका सिद्धान्तहरू	त्रिभुवन विश्वविद्यालय एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विनियम, २०८० द्वारा कसरी उल्लङ्घन भयो?
	enabling Act. *(नियमले ऐनको उद्देश्य र प्रयोजनलाई पूरा गर्नुपर्छ।)*	
(xi)	**The delegate on whom a rule making power is conferred with has to act within the limits of the authority conferred by the Act.** *(अधिकारप्राप्त प्रतिनिधिले ऐनले तोकेको सीमाभित्रै रहेर काम गर्नुपर्छ।)*	कार्यकारी परिषदले ऐनले प्रदान गरेको सीमाबन्दीको दायरालाई पूर्ण रूपमा उल्लङ्घन गर्दै विनियमको १०(३) मार्फत अधिकारको सीमा नाघेको छ।
(xii)	**The powers of statutory bodies are derived, controlled and restricted by the statutes which create them and any action of such bodies in excess of their power or in violation of restrictions is ultra vires.** *(वैधानिक निकायहरूको शक्ति ऐनद्वारा नियन्त्रित हुन्छ, सीमा नाघेको काम 'अल्ट्रा भायर्स हुन्छ।)*	त्रिवि कार्यकारी परिषद् एक वैधानिक निकाय हो। यसले ऐनको अधिकारक्षेत्रभन्दा बाहिर गई विनियममार्फत थेसिस अस्वीकार गर्ने वा दण्डात्मक परिणाम निम्त्याउने कार्य गरेकाले यो पूर्ण रूपमा **Ultra Vires** छ।

- *माथि चर्चा गरिएको कारणले उक्त विनियम र सो विनियमको दफा बदरभागी छ।*

छ. <u>नेपाल सरकारको आधिकारिक AI plagiarism निर्धारण गर्ने सफ्टवेयर र कानुन र मापदण्डको अभाव रहेको :</u>

नेपाल सरकार वा यसका आधिकारिक निकायहरूबाट कृत्रिम बौद्धिकता (Artificial Intelligence - AI) को प्रयोगलाई परीक्षण वा निर्धारण गर्ने कुनै पनि आधिकारिक सफ्टवेयर हालसम्म उपलब्ध छैन। राष्ट्रियस्तरमा 'एआई प्लागरिजम' भनेको के हो भन्ने आधिकारिक परिभाषासम्म नभएको र कृत्रिम बौद्धिकताको विषयमा कुनै विशेष कानून तथा वस्तुगत मापदण्डको समेत पूर्ण रूपमा अभाव रहेको छ। यस तथ्यको पुष्टि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त प.सं. ०८३/८४, च.नं. सू.प्रे.सं.//२०३९, मिति २०८३/०६/२१ को पत्र तथा विवरणबाट समेत स्पष्ट रूपमा हुन्छ। नेपाल सरकारको कार्यविभाजन नियमावली २०८३ को अनुसूची २ को ४२ हेर्दा **कृत्रिम बौद्धिकता (AI) 'को प्रयोगलाई परीक्षण, निर्धारण वा नियमन गर्ने अधिकार नेपालको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्षेत्रभित्र पर्ने देखिन्छ।** प्रचलित कानून र नेपाल सरकारको कार्यविभाजन नियमावलीले विश्वविद्यालयलाई एआई (AI) को विषयमा आफैं नयाँ कानून, सफ्टवेयर मापदण्ड वा दण्डात्मक प्रतिबन्धहरू सिर्जना गर्ने कुनै पनि अधिकार प्रदान गरेको छैन। जब कि

CamScanner
CamScanner



राज्यको कुने पनि आधिकारिक कानूनी प्रेमवर्क, स्पष्ट मापदण्ड र भरपर्दो सफ्टवेयर बिना विश्वविद्यालयले तल्लो तहको विनियमको भरमा एआई प्लागरिजमको दाबी गर्दै अनुसन्धानकर्ताहरू का थीसिस वा शोधपत्रहरूलाई अस्वीकार गर्नु वा दण्डित गर्नु पूर्ण रूपमा स्वेच्छाचारी, अधिकारक्षेत्र बाहिरको (Ultra Vires) र प्रचलित कानून विपरीत हुन्छ।

ज. प्राकृतिक न्यायको सिद्धान्त तथा सुनुवाइको अवसरको अभाव सम्बन्धमा:

विश्वविद्यालयद्वारा जारी गरिएको प्लेजारिजमसम्बन्धी विनियम, २०८० को विनियम १०(३) ले प्लेजारिजम परीक्षणका क्रममा Artificial Intelligence (AI) Detected Content भेटिएमा त्यस्ता दस्तावेजहरू स्वीकार गर्न नसकिने व्यवस्था गरेको छ। **तर, उक्त व्यवस्थाबमोजिम कुनै विद्यार्थी वा अनुसन्धानकर्ताको शोधपत्रमा AI Detected Content देखिएको अवस्थामा सम्बन्धित व्यक्तिलाई त्यसको आधार, विश्वसनीयता तथा यथार्थतामाथि प्रश्न उठाउने, आफ्नो सफाइ तथा प्रमाण प्रस्तुत गर्ने र निर्णय हुनुपूर्व सुनुवाइको उचित अवसर प्रदान गर्ने स्पष्ट कार्यविधिगत व्यवस्था गरेको देखिँदैन।** यसरी सफ्टवेयरबाट प्राप्त नतिजालाई आधार बनाई सम्बन्धित व्यक्तिको भनाइ नै नसुनी उसको शोधपत्र अस्वीकार गर्ने व्यवस्था प्राकृतिक न्यायको सिद्धान्त, विशेषतः Audi Alteram Partem (सुनुवाइको सिद्धान्त) अनुकूल देखिँदैन। विनियम १६ ले विवाद समाधान र उजुरी सुन्ने व्यवस्था गरे तापनि, **दफा १०(३) बमोजिमको कृत्रिम बौद्धिकता (AI) पहिचानका सम्बन्धमा प्राकृतिक न्यायको सिद्धान्त पूर्ण रूपमा सुनिश्चित गर्न विभिन्न कारणहरूले गर्दा यो अपर्याप्त देखिन्छ।** दफा १६(५)(ख) ले अनुगमन समितिलाई साहित्यिक चोरीसम्बन्धी उजुरी सुन्ने र किनारा लगाउने अधिकार दिएको छ, तर यो कागजात अस्वीकार हुनुपूर्व शोधकर्तालै सफ्टवेयरको निर्णयलाई चुनौती दिने वा बचाउ गर्ने अनिवार्य पूर्व सुनुवाइको सुनिश्चितता नभई निर्णय भएपश्चात् उजुरी दिने पश्चात्को उपचार मात्र हो। यसबाहेक, दफा १६(५)(ग) बमोजिम समितिले आवश्यक ठानेमा मात्र छानबिन समिति गठन गर्न सक्ने कार्यकारी अधिकार राख्दछ, जसले गर्दा प्रभावित शोधकर्ताका लागि स्वतन्त्र प्राविधिक परीक्षण वा विशेषज्ञ समक्ष सफ्टवेयरको त्रुटि काउन्टर गर्ने अधिकार स्वतः प्राप्त हुँदैन। **साथै, सफ्टवेयरले कुन आधारमा AI फ्ल्याग गऱ्यो भन्ने प्राविधिक विवरण अनिवार्य रूपमा उपलब्ध गराउनुपर्ने नियम र स्वचालित त्रुटिहरू (False Positives) विरुद्ध लड्ने स्पष्ट प्रमाणिक मापदण्डहरू विनियममा उल्लेख नगरिएका कारण प्रभावित व्यक्तिहरू पूर्णरूपमा पदेन स्वविवेकमा निर्भर हुनुपर्ने बाध्यता रहन्छ।**

झ. Turnitin तथा iThenticate को पोलिसी हेर्दा सोले वैयक्तिक गोपनीयता ऐन, २०७५ को उल्लङ्घन गर्ने रहेको छ :

१. Turnitin ले राखेको Services Privacy Policy [12]हैर्ने हो भने आफ्नो आधिकारिक Services Privacy Policy मा उल्लेख गरेअनुसार शैक्षिक संस्थाहरू (Customers) र प्रयोगकर्ताहरू (Users) बाट विभिन्न किसिमका व्यक्तिगत तथा प्राविधिक डेटा सङ्कलन गर्ने गर्दछ। यसले सङ्कलन गर्ने प्रमुख डेटा तथा विवरणहरू यसप्रकार रहेको दाबी गर्ने गरेको देखिन्छ:

[12] हेर्नुहोस: https://guides.turnitin.com/hc/en-us/articles/27377195682317-Turnitin-Services-Privacy-Policy



CamScanner

CamScanner

क. Registering for an Account: खाता दर्ता गर्ने क्रममा विद्यार्थीहरूको "Names: First, middle and last names including pseudonyms (if utilized), User-specific account identifiers, **Email address** and Account Names, Passwords" का साथै शैक्षिक विवरणहरू अन्तर्गत "grade/year and educational institution, as well as data submitted pursuant to use of the Services, such as written materials in the form of essays, papers, examination answers, and other writings ('Submissions'), as well as data about the writing process itself, such as keystrokes, deletions, and other interactions with the writing interface ('Writing Process Data')" सङ्कलन गर्छ। त्यस्तै शिक्षकहरूको हकमा "Names and **email addresses**, Role, र Education institution" सङ्कलन गरिन्छ।

ख. Using Service & Usage Information: सेवा प्रयोग गर्दा स्वतः सङ्कलन हुने विवरणहरूमा "Log Data: Including information about when and for how long a User accesses the Services," "Device Information: We may collect the ID of any device that accesses the Services, and the Internet Protocol ('IP') address associated with your browser and device ID," र "Location & Service Usage Information: We may also collect information from which country the Services were accessed, and the associated timestamp" रहेका छन्।

ग. Writing Process & Composition Data: यसबाहेक "In connection with certain writing and composition tools, we may collect Writing Process Data, which includes browser-based user activity within a composition editor tab (e.g., mouse clicks, keystrokes, session timing, editing actions)" सङ्कलन गरिनुका साथै "metadata related to how Users engage with features like AI writing suggestions, grammar recommendations, and other in-product tools" समेत ट्र्याक गरिन्छ।

२. <u>टर्निटले सङ्कलन गर्ने तथ्याङ्क र वैयक्तिक गोपनीयता ऐन, २०७५ को उल्लङ्घनको तुलनात्मक विवरण:</u>

टर्निटले सङ्कलन गर्ने डेटा (Data Collected)	यसले के समावेश गर्दछ (What It Includes)	वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ अन्तर्गतको संरक्षण र कानुनी विरोधाभास
विद्यार्थी तथा शिक्षकका वैयक्तिक पहिचान	नाम, इमेल ठेगाना, प्रयोगकर्ता आईडी (user IDs), पासवर्ड, खाता विवरणहरू।	ऐनको दफा २(ग)(३) र (४) ले टेलिफोन/इमेल ठेगाना र आधिकारिक पहिचान विवरणहरूलाई वैयक्तिक सूचना मानेको छ। प्रत्यक्ष सहमति भएका अधिकारप्राप्त निकायद्वारा मात्र

CamScanner

टर्निनले सङ्कलन गर्ने डेटा (Data Collected)	यसले के समावेश गर्दछ (What It Includes)	वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ अन्तर्गतको संरक्षण र कानुनी विरोधाभास
		सीमित हुनुपर्नेमा बिना अनुमति सङ्कलन गरिएको छ।
शैक्षिक पेसका विवरणहरू (Submissions)	निबन्ध, शोधपत्र (research papers), परीक्षाका उत्तरहरू, र लिखित पाठ्यक्रम सामग्रीहरू।	ऐनको दफा ११(१) र (२) ले वैयक्तिक लिखतको गोपनीयताको हकको ग्यारेन्टी गरेको छ। कडा कानुनी अख्तियारी बिना व्यावसायिक प्रयोग, प्रदर्शन वा AI तालिममा पुनः प्रयोग गर्न पूर्ण रूपमा अवैध छ।
लेखन प्रक्रियाका डेटा (Writing Process Data)	किस्ट्रोक (keystrokes), मेट्ने क्रम (deletions), सत्रको समय (session timing), माउस क्लिक, र AI प्रतिक्रिया विकल्पहरू।	ऐनको दफा १९(१) र २३(१) ले विद्युतीय माध्यममा रहेका विद्युतीय सञ्चार, डिजिटल गतिविधि र वैयक्तिक सूचनाको गोपनीयता संरक्षण गरेको छ। यसको प्रत्यक्ष उल्लङ्घन भएको छ।
प्रयोग, उपकरण र स्थान डेटा	आईपी ठेगानाहरू (IP addresses), उपकरण आईडीहरू (device IDs), ब्राउजर प्रकार, लगइन समय, र पहुँच देशहरू।	ऐनको दफा १९(१) ले अनधिकृत सङ्कलन वा गोपनीयता भङ्गबाट विद्युतीय सञ्चार र नेटवर्क डेटाको सुरक्षा गरेको छ। यसका लागि अनिवार्य कानुनी अख्तियारी आवश्यक पर्छ।
सञ्चार सूचना (Communication Information)	ग्राहक समर्थन सन्देशहरू, इमेलहरू, र प्लेटफर्ममा पठाइएका प्रत्यक्ष जिज्ञासाहरू।	ऐनको दफा १३(१) र (२) ले चिठीपत्र, पत्राचार, विद्युतीय मेल (इमेल), र डिजिटल संवादको गोपनीयता सुनिश्चित गरेको छ।

३. **Turnitin को iThenticate प्रयोगबाट वैयक्तिक गोपनीयताको उल्लङ्घन:**

CamScanner

CamScanner

माथि चर्चा गरे लगयत वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा २(ग) ले व्यक्तिको इमेल, ठेगाना, शैक्षिक उपाधि, लिखत, डिजिटल संवाद तथा आचरणसम्बन्धी विवरणलाई "वैयक्तिक सूचना" भनी स्पष्ट रूपमा परिभाषित गर्दै कडा कानुनी संरक्षण प्रदान गरेको छ। वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा १९ मा "प्रत्येक व्यक्तिलाई विद्युतीय माध्यममा रहेको निजको कुनै पनि वैयक्तिक सूचनासम्बन्धी कुराको गोपनीयता राख्न पाउने अधिकार हुनेछ" भन्ने कानुनी प्रावधान छ। साथै, ऐनको दफा २३(१) बमोजिम कानुनबमोजिम अधिकार प्राप्त अधिकारी वा अनुमतिप्राप्त निकायबाहेक अन्य कसैले पनि व्यक्तिको वैयक्तिक सूचना सङ्कलन, भण्डारण वा प्रशोधन गर्न पाउँदैन। **टर्निन (Turnitin) company को iThenticate software** नेपालको कानुन अनुसार कुनै पनि आधिकारिक वा सार्वजनिक-निकाय नभई एक विदेशी व्यावसायिक निजी कम्पनी हो। वैधानिक कानुनी अख्तियारी विना नेपाली विद्यार्थीहरूको वैयक्तिक सूचना, शैक्षिक लिखतहरू र डिजिटल आचरणसम्वन्धी डेटा विदेशी सर्भरमा पुऱ्याउनु, भण्डारण गर्नु र व्यावसायिक तथा कृत्रिम वौद्धिकता (AI) तालिमका लागि प्रशोधन गर्नु नेपालको संविधानद्वाराप्रदत्त गोपनीयताको हक तथा वैयक्तिक गोपनीयता सम्वन्धी ऐन, २०७५ का विभिन्न प्रावधानहरूको स्पष्ट उल्लङ्घन हो। *व्यक्तिको वैयक्तिक सूचनाको संरक्षण Absolute Right नभए तापनि सामान्य अवस्थामा यो अपरिहार्य हुन्छ। वैयक्तिक सूचनाको दुरुपयोग गर्ने मनसाय भएका व्यक्तिहरूलाई सम्बन्धित व्यक्तिको अन्य वैयक्तिक सूचना प्राप्त गरी दुरुपयोग गर्न त्यति कष्टकर पनि हुँदैन भन्ने सिद्धान्त सम्मानित सर्वोच्च अदालतको संयुक्त इजलासबाट (मुद्दा नं. ०८१-WO-०५००) को मुद्दामा सिद्धान्त प्रतिपादन भएको देखिन्छ।*[13] विशेष गरी टर्निन (Turnitin) ले अनिवार्य रूपमा विद्यार्थीहरूको इमेल ठेगानासमेत सङ्कलन र भण्डारण गर्ने हुँदा सो इमेल विवरण बाह्य सर्भरमा पुग्दा हुनसक्ने साइबर जोखिमबारे **विश्वविख्यात साइवर सुरक्षा संस्था Kaspersky**[14]**को** अध्ययन तथा लेखमा स्पष्ट पारिएको छ। उक्त लेखअनुसार केवल एउटा **इमेल ठेगाना** मात्र सार्वजनिक वा अनधिकृत हातमा पुगेमा **ह्याकरहरूले** देहायबमोजिमका गम्भीर अपराध र क्षति पुऱ्याउन सक्ने जोखिम रहन्छ:

क. **फिसिङ आक्रमण (Phishing Attacks)**: इमेल ठेगानाको प्रयोग गरी ठगी तथा मालवेयर (Malicious Attachments) युक्त फिसिङ इमेलहरू पठाउने, जसका माध्यमबाट प्रयोगकर्ताको बैंक खाता, पासवर्ड, र अन्य व्यक्तिगत विवरणहरू चोर्न सकिन्छ।[15]

ख. **इमेल स्पुफिङ (Email Spoofing)**: उस्तै देखिने नक्कली इमेल ठेगाना बनाएर सम्बन्धित व्यक्तिको पहिचान (Identity) प्रयोग गरी सहकर्मी, साथीभाइ वा परिवारका सदस्यहरूबाट अनधिकृत सूचना वा रकम असुली गर्ने।[16]

---

[13] विवेक चौधरी विरुद्ध नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत

[14] https://www.kaspersky.com/resource-center/threats/hackers-and-email-addresses

[15] Target you with "Phishing Emails": Phishing emails contain malware attachments or malicious links to fraudulent websites. Once you've clicked the link or downloaded the attachment, malware can penetrate the system, and be used to steal your personal data. Often disguised as a reputable company or trusted website (sometimes even as a government official), hackers will employ sophisticated social engineering techniques to gain personal details like your bank account number, social security number, address, phone number or passwords, and others.हेर्नुहोस्: https://www.kaspersky.com/resource-center/threats/hackers-and-email-addresses

[16] "Spoof" your email address: Spoofing an email address involves creating a fake email address that looks like yours, but has minor and tough-to-spot changes (like swapping a number with a letter or adding a dash). They

CamScanner

ग **अन्य डिजिटल खाताहरूको ह्याकिङ (Hacking Online Accounts):** इमेल ठेगाना अधिकांश अनलाईन सेवा र सामाजिक सञ्जालहरूको मुख्य प्रवेशद्वार (Entry Point) हुने भएकाले सोही इमेललाई माध्यम बनाएर व्यक्तिको सम्पूर्ण डिजिटल प्रोफाइल र अन्य अनलाईन खाताहरू नियन्त्रणमा लिने।[17]

घ **अनलाईन रूपधारण र पहिचान चोरी (Impersonation and Identity Theft):** सङ्कलित इमेल र पत्राचारका आधारमा सम्बन्धित व्यक्तिको नाम र पहिचान प्रयोग गरी नक्कली कागजात बनाउने, गैरकानुनी खरिद-बिक्री गर्ने वा वित्तीय ठगी (Financial Fraud) गर्ने।

ङ **डिजिटल फुटप्रिन्ट र प्रोफाइल निर्माण (Reverse Email Search & Profiling):** इमेल ठेगाना प्रयोग गरी व्यक्तिको वास्तविक नाम, जन्ममिति, सामाजिक सञ्जाल र बसोबासको स्थान सजिलै पत्ता लगाई सोको आधारमा व्यक्तिको गोपनीयता भङ्ग गर्ने।

यसरी इमेल ठेगाना नागरिकको भौतिक एवं डिजिटल पहिचानको मुख्य साँचो (Digital Doorway) भएकाले, कुनै पनि वैधानिक आधार वा सुरक्षा ग्यारेन्टी विना विदेशी निजी कम्पनीलाई नेपाली विद्यार्थीहरूका इमेल र लिखतहरू हस्तान्तरण गराउनुले उनीहरूलाई गम्भीर साइवर अपराध र पहिचान चोरीको जोखिममा धकेलेको छ।

ञ. अन्तर्राष्ट्रिय नजिरहरू (International Legal Precedents) र अदालतले प्रतिपादन गरेको कानुनी सिद्धान्त :

कृत्रिम बौद्धिकता (AI) को प्रयोग र त्यसको त्रुटिपूर्ण नतिजालाई आधार बनाई विश्वविद्यालय वा शैक्षिक संस्थाहरूले लिने दण्डात्मक निर्णय तथा कारबाहीहरूका सन्दर्भमा हालैका अन्तर्राष्ट्रिय न्यायिक नजिरहरूले समेत स्पष्ट रूपमा प्रश्न उठाएका छन्

१. यस सन्दर्भमा न्युयोर्क राज्यको सर्वोच्च अदालतबाट Justice Randy Sue Marber द्वारा गरिएको फैसला (जनवरी २०२६ मा) प्रतिपादित नजिर (Matter of Newby v. Adelphi Univ., 2026 NY Slip Op 26021) अत्यन्त दृष्टान्तयोग्य रहेको छ, **जहाँ विश्वविद्यालयले Turnitin जस्तो एआई डिटेक्सन सफ्टवेयरको मात्र भरमा (जसले 100% सम्मको स्कोर देखाएको थियो) विद्यार्थीलाई प्राज्ञिक स्वच्छताको उल्लङ्घन गरेको भनी लगाएको आरोप र दण्डलाई अदालतले पूर्ण रूपमा खारेज गरिदिएको छ।** विश्वविद्यालयका अधिकारीहरूले कारबाहीका क्रममा **विद्यार्थीले ZeroGPT लगायतका अन्य डिटेक्सन सफ्टवेयरमार्फत आफ्नो सामग्री 'human written' (मानवद्वारा लिखित) हो भनी पेस गरेका प्रतिवाद तथा प्रमाणहरूलाई बेवास्ता गरेको विषयलाई औंल्याउँदै अदालतले "...in issuing the**

---

can then extort information from your friends and family whilst pretending to be you. This approach is often missed by spam filters on email clients. हेर्नुहोस:' https://www.kaspersky.com/resource-center/threats/hackers-and-email-addresses

[17] Hack your other online accounts: Even though hackers need your passwords (to both your email and online accounts) to do this effectively, it is a notable starting point. Using sophisticated phishing techniques mentioned above, cybercriminals could quickly find out more information about you through different online accounts, most likely beginning with access to the email account itself. हेर्नुहोस:' https://www.kaspersky.com/resource-center/threats/hackers-and-email-addresses

CamScanner

CamScanner

Denial, Lacombe failed to even consider the Petitioner's evidence in the form of the two AI detections programs, which indicated that the Essay was 'human written'..." भनी विश्वविद्यालयको गम्भीर त्रुटि औंल्याएको थियो। यस प्रकारका सफ्टवेयरमा आधारित कारवाहीहरूको वैधतामा प्रश्न उठाउँदै अदालतले "...this Court finds said Violation and the Denial directly resulting therefrom to be without valid basis and devoid of reason..." भनी ठहर गरेको छ। फलस्वरूप, न्यायको मान्य सिद्धान्त र कानुनको पालना गराउँदै अदालतले आफ्नो आदेशमा स्पष्ट रूपमा भनेको छ: "ORDERED and ADJUDGED, that the petition is GRANTED and the Violation and the Denial are annulled ... [and] Adelphi is directed to expunge the Petitioner's academic record with respect to the Violation and any sanction imposed in connection therewith is rescinded..."। तसर्थ; यी अन्तर्राष्ट्रिय न्यायिक सिद्धान्तहरूका दृष्टिले पनि वैज्ञानिक निश्चितता र मानवीय परीक्षणबिना, अर्को सफ्टवेयरबाट 'human written' भनी खण्डन गरिएको तथ्यलाई बेवास्ता गरी केवल एउटा सफ्टवेयरको स्कोरका भरमा गरिएको प्राज्ञिक दण्डसजाय कानुनसम्मत र न्यायसंगत नहुने स्पष्ट हुन्छ। यसबाट स्पष्ट हुन्छ कि Turnitin जस्ता एआई डिटेक्सन सफ्टवेयरहरूले दिने नतिजा वा स्कोर शतप्रतिशत वैज्ञानिक, निश्चित र विश्वासयोग्य छैन।

ट. <u>AI Detection प्रविधिको विश्वसनीयता तथा प्रमाणको रूपमा यसको सीमित मूल्य सम्बन्धमा अन्तर्राष्ट्रिय विश्वविद्यालयद्वारा गरिएको स्वीकारोक्ति:</u>

१. कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence- AI) द्वारा **सिर्जित लेखन पहिचान गर्ने प्रविधि पूर्णतः विश्वसनीय, त्रुटिरहित वा कुनै व्यक्तिलाई दोषी प्रमाणित गर्ने निर्णायक आधार हुन नसक्ने तथ्य स्वयं अन्तर्राष्ट्रिय शैक्षिक संस्थाहरूले समेत स्वीकार गरिसकेको अवस्था छ।** यस सन्दर्भमा <u>संयुक्त राज्य अमेरिकास्थित प्रतिष्ठित University of Virginia को ***Office of the Vice President for Research (OVPR) ले आफ्नो आधिकारिक Research Integrity Blog मा "AI Detection Is Not the Reason We Offer Access to iThenticate. And, It Should Not Be the Reason You Use It."*** शीर्षकको लेख</u> प्रकाशित गर्दै- **AI Detection प्रविधिको विश्वसनीयता, सीमितता तथा यसको प्रयोगका सम्बन्धमा महत्त्वपूर्ण संस्थागत धारणा सार्वजनिक गरेको छ।** उक्त लेखमा विश्वविद्यालयले AI Detection प्रणालीबाट **गलत नतिजा आउन सक्ने तथ्य स्वीकार गर्दै स्पष्ट रूपमा "False positives and negatives are possible." भनी उल्लेख गरेको छ।** यसको अर्थ AI Detection प्रणालीले मानिसले स्वयं **<u>मौलिक रूपमा लेखेको सामग्रीलाई समेत AI द्वारा सिर्जित भनी गलत पहिचान गर्न सक्ने तथा AI द्वारा सिर्जित सामग्रीलाई मानवद्वारा लिखित भनी गलत पहिचान गर्न सक्ने सम्भावना रहन्छ।</u>** त्यसैगरी, विश्वविद्यालयले "While detection tools like iThenticate or GPTZero may report 'probability of AI authorship, they are easily circumvented and cannot provide **<u>definitive proof of misconduct."</u>** भनी उल्लेख गर्दै iThenticate तथा GPTZero जस्ता उपकरणहरूले AI द्वारा लेखिएको **<u>हुन सक्ने (likely)</u>** सम्भावना मात्र देखाउन सक्ने तर त्यस्तो प्रतिवेदनले शैक्षिक अनियमितता वा अनुशासनहीनता भएको कुराको अन्तिम तथा निर्णायक प्रमाण प्रदान गर्न

CamScanner
CamScanner

नसक्ने स्पष्ट पारेको छ। अझ महत्त्वपूर्ण रूपमा विश्वविद्यालयले "iThenticate reports are not conclusions in and of themselves. They are a piece of evidence." भनी स्पष्ट गरेको छ, जसको अर्थ iThenticate को प्रतिवेदन आफैंमा अन्तिम निष्कर्ष नभई समग्र तथ्य तथा प्रमाणको मूल्याङ्कन गर्ने क्रममा विचार गरिनुपर्ने एउटा प्रमाणको अंश मात्र हो। विश्वविद्यालयले थप रूपमा "iThenticate's AI detection tool can only provide an indication or suggestion of impropriety and should be used as a basis to support further assessment or conversations." भनी उल्लेख गर्दै AI Detection प्रणालीले सम्भावित अनियमितताको सङ्केत वा आशङ्का मात्र देखाउन सक्ने र त्यसलाई थप अनुसन्धान, मूल्याङ्कन तथा सम्बन्धित व्यक्तिसँग छलफल गर्ने आधारका रूपमा मात्र प्रयोग गर्नुपर्ने धारणा व्यक्त गरेको छ। त्यति मात्र नभई उक्त विश्वविद्यालयले "OVPR does not provide access or recommend the use of AI-detection technology to make classroom grade determinations and never has recommended its use in that way." भनी AI Detection प्रविधिलाई कक्षागत प्राप्ताङ्क निर्धारण गर्ने माध्यमका रूपमा प्रयोग गर्न सिफारिस नगरेको स्पष्ट पारेको छ। यसका साथै "iThenticate is not designed for using in the teaching context." भनी यसको शैक्षिक शिक्षण तथा मूल्याङ्कनसम्बन्धी प्रयोगका सीमिततासमेत औंल्याएको छ। यी आधिकारिक संस्थागत स्वीकारोक्तिहरूबाट AI Detection प्रणालीबाट प्राप्त हुने प्रतिशत, स्कोर वा स्वचालित प्रतिवेदनलाई पूर्ण सत्य, त्रुटिरहित तथा स्वतः निर्णायक प्रमाणका रूपमा स्वीकार गर्न नसकिने तथ्य स्पष्ट हुन्छ।[18] *जब AI Detection प्रविधि प्रयोग गर्ने अन्तर्राष्ट्रिय शैक्षिक तथा अनुसन्धान संस्थाले समेत यसबाट गलत नतिजा आउन सक्ने, यसको प्रतिवेदनले शैक्षिक अनियमितताको निर्णायक प्रमाण दिन नसक्ने र यसलाई थप मानवीय मूल्याङ्कन तथा अनुसन्धानको आधारका रूपमा मात्र प्रयोग गर्नुपर्ने स्वीकार गरेका छन् भने कुनै विद्यार्थीलाई केवल AI Detection प्रतिशत वा स्वचालित प्रतिवेदनका आधारमा शैक्षिक बेइमानीको आरोप लगाउनु, प्राप्ताङ्क घटाउनु वा दण्डित गर्नु न्यायोचित हुन्छ कि हुँदैन भन्ने गम्भीर कानुनी तथा नैतिक प्रश्न उत्पन्न हुन्छ।*

२. प्राज्ञिक लेखनमा कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence - AI) द्वारा सिर्जित पाठ्यसामग्री (AIGT) पहिचान गर्न बजारमा उपलब्ध व्यावसायिक सफ्टवेयर तथा डिटेक्टरहरू पूर्ण रूपमा अविश्वसनीय र त्रुटिपूर्ण रहेको वैज्ञानिक अध्ययनबाट पुष्टि भएको छ। फ्लोरिडा विश्वविद्यालय (University of Florida) का प्राध्यापक डा. प्याट्रिक ट्रेनर (Patrick Traynor) लगायतका अनुसन्धानकर्ताहरूद्वारा गरिएको र 2026 IEEE Symposium on Security and Privacy मा प्रस्तुत "AI Wrote My Paper and All I Got Was This False Negative" नामक अनुसन्धानले वर्तमान बजारमा उपलब्ध AIGT डिटेक्टरहरू प्राज्ञिक वा उच्च-जोखिम क्षेत्रमा प्रयोग गर्नका लागि पूर्ण रूपमा अनुपयुक्त ("poorly suited for deployment in academic or high-stakes contexts") रहेको निष्कर्ष निकालेको छ। उक्त अध्ययनले कमर्सियल AIGT डिटेक्टरहरूको प्रभावकारिता अति नै विसंगत (wildly inconsistent efficacy rates) रहेको

[18] University of Virginia, Office of the Vice President for Research, Compliance and Training, Research Integrity Blog, "AI Detection Is Not the Reason We Offer Access to iThenticate. And, It Should Not Be the Reason You Use It." हेर्नुहोस: https://compliance.research.virginia.edu/blog/ai-detection-not-reason-we-offer-access-ithenticate-and-it-should-not-be-reason-you-use-it

CamScanner

देखाईको छ। अनुसन्धानअनुसार यी डिटेक्टरहरूको False Positive rate (गलत रूपमा मानव-लिखित सामग्रीलाई एआई भनी देखाउने दर) ०.०५% देखि ६८.६% सम्म र False Negative rate (एआईले लेखेको सामग्रीलाई मानव-लिखित भनी छोड्ने दर) ०.३% देखि ९९.६% सम्म अत्यन्तै अविश्वसनीय पाइएको छ। यसको स्पष्ट अर्थ यी प्रणालीहरूले मानिसले आफ्नो मौलिक बौद्धिक श्रमले लेखेको सामग्रीलाई समेत एआई-जेनेरेटेड भनी ठूलो मात्रामा गलत पहिचान गर्न सक्छन्। अझ महत्त्वपूर्ण रूपमा, अनुसन्धानले ठूला भाषा मोडल (LLM) मार्फत उत्पादित पाठमा अति सामान्य फेरबदल गर्दा, जस्तै प्राविधिक वा अलि जटिल शब्दावली प्रयोग गर्दा (lexical complexity attack) डिटेक्टरहरू पूर्ण रूपमा झुक्याउन सकिने र मानव-लिखित वा एआई-लिखित सामग्री छुट्याउन असक्षम बन्ने तथ्य औंल्याएको छ। यस विषयमा प्राध्यापक ट्रेनरले स्पष्ट गर्दै भनेका छन्- "These are not reliable or robust tools to use to measure the problem. We really can't use them to adjudicate these decisions. People's careers are on the line here." अर्थात्, व्यक्तिको प्राज्ञिक क्यारियर दाउमा लाग्ने यति संवेदनशील विषयमा निर्णय लिन यी औजारहरूको प्रतिवेदनलाई आधार बनाउनै सकिँदैन। तसर्थ, हाल उपलब्ध कुनै पनि सफ्टवेयरसँग एआईको प्रयोग भए-नभएको कुरा निश्चित रूपमा मापन गर्ने वैज्ञानिक क्षमता नरहेको अवस्थामा, कुनै पनि विद्यार्थी वा शोधकर्तालाई केवल त्रुटिपूर्ण सफ्टवेयर प्रतिवेदनका भरमा शैक्षिक बेइमानीको आरोप लगाउनु वा दण्डित गर्नु प्राकृतिक न्याय, वस्तुनिष्ठ प्रमाणको कानुन र कानुनी राज्यको मान्यताविपरीत हुन जान्छ। वैज्ञानिक रूपमा सिद्ध भइसकेका यी गम्भीर त्रुटिहरूलाई बेवास्ता गरी विश्वविद्यालयले एआई डिटेक्टरहरूको स्वचालित रिपोर्टलाई अन्तिम सत्य मान्नु पूर्ण रूपमा तर्कहीन र गैरकानूनी छ।[19]

३. एआई डिटेक्टरहरूको गैर-अंग्रेजीभाषी लेखकहरूप्रतिको पक्षपातपूर्ण प्रवृत्ति र यसको अवैज्ञानिकता: प्राज्ञिक क्षेत्रमा कृत्रिम बुद्धिमत्ता (AI) पहिचान गर्न प्रयोग गरिने डिटेक्टरहरू पूर्ण रूपमा अविश्वसनीय हुनुका साथै गैर-अंग्रेजीभाषी (Non-native English) लेखकहरूप्रति स्पष्ट रूपमा पक्षपातपूर्ण (Biased) रहेको स्टैनफोर्ड विश्वविद्यालयका विद्वानहरूको अध्ययनबाट पुष्टि भएको छ। स्टैनफोर्ड युनिभर्सिटीका प्राध्यापक जेम्स झू (James Zou) का अनुसार यी डिटेक्टरहरूले 'perplexity' (शब्दहरूको जटिलता र विविधता) का आधारमा मूल्याङ्कन गर्ने भएकाले, मातृभाषा अंग्रेजी नभएका विद्यार्थीहरू स्वाभाविक रूपमा अमेरिकी वा अंग्रेजीभाषी विद्यार्थीहरूसँगको तुलनामा पछाडि पर्ने गर्छन्। उक्त अध्ययनले देखाए अनुसार यी डिटेक्टरहरूको त्रुटिदर अत्यन्तै गम्भीर छ[20]:

क. अमेरिकामा जन्मिएका आठ कक्षाका विद्यार्थीहरूको निबन्ध मूल्याङ्कन गर्दा यी डिटेक्टरहरू लगभग सही देखिए पनि, TOEFL परीक्षा अन्तर्गत गैर-अंग्रेजीभाषी विद्यार्थीहरूले लेखेका निबन्धहरूको परीक्षण गर्दा ६१.२२% निबन्धलाई एआई-जेनेरेटेड भनी गलत रूपमा वर्गीकरण गरेका छन्।

---

[19] हेर्नुहोस: https://news.ufl.edu/2026/05/traynor-ai-detector-study/

[20] हेर्नुहोस: https://hai.stanford.edu/news/ai-detectors-biased-against-non-native-english-writers?sf178182184=1

CamScanner

ख अध्ययन गरिएका ९१ वटा TOEFL निबन्धहरूमध्ये सबै ७ वटा एआई डिटेक्टरले संयुक्त रूपमा १९% निबन्धलाई र ९७% निबन्धहरू कम्तीमा एउटा डिटेक्टरबाट एआई-जेनेरेटेड भनी फ्ल्याग (Flag) गरेका थिए।

प्राध्यापक जेम्स झूले स्पष्ट गर्दै भनेका छन् "These numbers pose serious questions about the objectivity of AI detectors and raise the potential that foreign-born students and workers might be unfairly accused of or, worse, penalized for cheating." अर्थात्, यी तथ्याङ्कहरूले एआई डिटेक्टरहरूको निष्पक्षतामाथि गम्भीर प्रश्न उठाएको छ र विदेशी विद्यार्थीहरूमाथि अन्यायपूर्ण रूपमा साहित्यिक चोरीको आरोप लाग्ने तथा दण्डित हुने जोखिम बढाएको छ।तसर्थ, नेपाल जस्ता गैर-अंग्रेजीभाषी मुलुकहरूमा जहाँ विद्यार्थीहरूले आफ्नो द्वितीय भाषामा प्राज्ञिक लेखन गर्छन्, त्यहाँ विदेशी व्यावसायिक कम्पनीका यस्ता त्रुटिपूर्ण र पक्षपातपूर्ण एआई डिटेक्टरहरूको प्रतिवेदनलाई आधार बनाएर कुनै पनि विद्यार्थीलाई दोषी करार गर्नु वा प्राज्ञिक कारबाही गर्नु प्राकृतिक न्यायको सिद्धान्त र कानुनी समानताको हकविपरीत हुन जान्छ।

ठ. **<u>"Likely" (सम्भावित) प्रतिशत मात्र देखाउने सफ्टवेयरको प्राज्ञिक तथा कानुनी प्रामाणिक मूल्य (Evidentiary Value) र सोका आधारमा प्राज्ञिक कार्य अस्वीकार गर्न मिल्ने वा नमिल्ने भन्ने सम्बन्धमा:</u>**

१. विपक्षी नेपाल ल क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल कानून व्यवसायी परिषद्, प्रेस काउन्सिल नेपाल तथा रक्षा मन्त्रालय समेतले विद्यार्थीहरूका शोधपत्र (Dissertation), सेमिनार पेपर (Seminar Paper), क्लिनिकल रिपोर्ट (Clinical Report) तथा Nepal Law Review (NLR), Nepal Journal of Legal Studies (NJLS), Nepal Bar Council Journal, PCN Journal र A Journal of Security Affairs जस्ता प्राज्ञिक जर्नलहरूमा पेस गरिएका अनुसन्धानमूलक लेख-रचनाहरूमा अनिवार्य रूपमा AI Plagiarism जाँच गर्ने र गराउने अभ्यास चलाएका छन्। विशेष गरी विपक्षी नेपाल ल क्याम्पस तथा त्रिभुवन विश्वविद्यालयले Turnitin तथा सोही कम्पनीको **<u>iThenticate</u>** जस्ता विदेशी निजी सफ्टवेयरमार्फत "AI Plagiarism" (कृत्रिम बौद्धिकता प्रयोग गरी लेखिएको) भनी जाँच गर्ने र सोही आधारमा विद्यार्थीहरूका प्राज्ञिक कार्यहरू अस्वीकार, रोक्का वा बन्देज लगाउने गैरकानुनी अभ्यास गरिरहेका छन्। उक्त Turnitin को iThenticate सफ्टवेयरहरूले कुनै पनि प्राज्ञिक पाठ AI द्वारा सिर्जित हो वा होइन भन्ने विषयमा **<u>शतप्रतिशत निश्चितता (Absolute Certitude)</u>** नदिई केवल **"Likely" (सम्भावित)** भन्ने शब्द र अनुमानित प्रतिशत मात्र देखाउने गर्दछन्। यसरी प्राविधिक र कानुनी रूपमा अनिश्चित, अनुमानित र सम्भावित नतिजाका आधारमा विद्यार्थीको वर्षौंको बौद्धिक श्रम, प्राज्ञिक कार्य र शैक्षिक उपाधिमा बन्देज लगाउनु नेपालको संविधान, प्रचलित प्रमाण कानुन, प्राकृतिक न्यायको सिद्धान्त, कम्प्युटर विज्ञानका मान्य सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानुनी मानकहरूको पूर्णतः विपरीत छ।

२. प्रमाण कानुनको सर्वमान्य सिद्धान्त अनुसार कुनै पनि दाबी वा अभियोग प्रमाणित गर्ने भार (Onus of Proof) सो दाबी गर्ने पक्ष (विपक्षी विश्वविद्यालय तथा निकायहरू) माथि हुन्छ र **<u>"Likely and Probabilities are not Proofs"</u>** को आधारमा **<u>सम्भावित (Likely)</u>** सूचकले निश्चितताको सट्टा केवल शङ्का मात्र उत्पन्न गराउने हुँदा निकायहरूले शङ्काका आधारमा मात्र कुनै नागरिक वा विद्यार्थीको हक खोस्न मिल्दैन। **<u>भारतको Delhi High Court ले *Mukesh Mehra v. B.S.E.S*</u>**

CamScanner

Yamuna Power Ltd' को मुद्दामा "**Probabilities cannot take shape of proof itself and are not conclusions**" भनेर कानुनी सिद्धान्त प्रतिपादन गरेको समेत देखिन्छ । दण्ड र कानुनी निश्चितताको सिद्धान्त (Nulla Poena Sine Lege) तथा प्राकृतिक न्यायको सिद्धान्त अन्तर्गत विद्यार्थीलाई आफ्नो मौलिकता प्रमाणित गर्ने वा सफाइको अवसर (Opportunity of Being Heard) दिने कुनै प्रशासनिक वा कानुनी संयन्त्र नभई बिना सुनुवाइ अनुमानका भरमा कारबाही गर्नु ठाडो अन्याय हो, जहाँ प्रमाण अनिश्चित हुँदा त्यसको लाभ सर्वे प्रभावित पक्ष (In Dubio Pro Reo) ले पाउनुपर्छ।

३ कम्प्युटर विज्ञानको दृष्टिमा Turnitin र iThenticate का AI Detection टूलहरू Large Language Models (LLM) र Natural Language Processing (NLP) को Probabilistic Architecture मा आधारित केवल सांख्यिकीय अनुमान मात्र हुन्, जसलाई डिजिटल फरेन्सिकको दृष्टिमा अकाट्य **प्राविधिक प्रमाण मात्र सकिँदैन।** निर्माता निजि कम्पनी स्वयंले आफ्ना **प्राविधिक दस्तावेजहरूमा AI Detection Tool ले गैर-अंग्रेजी भाषी वा प्राज्ञिक लेखनमा अत्यधिक औपचारिक ढाँचा प्रयोग गर्ने विद्यार्थीहरूका मौलिक लेखहरूलाई पनि False Positive (गलत वर्गीकरण) गर्ने उच्च जोखिम रहेको स्वीकार गरेको छ, र NIST का प्राविधिक मापदण्ड अनुसार बन्द स्रोत (Proprietary / Closed Source) भएकाले यसको निष्पक्षता परीक्षण गर्न असम्भव छ। साथै, सफ्टवेयर निर्माता कम्पनीको आफ्नै Privacy Policy र Operational Terms मा पनि यी सफ्टवेयरहरू केवल शिक्षकलाई सघाउने सहयोगी टूल (Assistive Tool) मात्र भएको र यसको नतिजा definitive नभई केवल Indication मात्र रहेको स्पष्ट Disclaimer जारी गरिएको छ।** कम्पनी आफैँले आफ्नो प्रविधि शतप्रतिशत निश्चित नभएको भनी पन्छिएको अवस्थामा विपक्षीहरूले सोही अनुमानित "**Likely**" **रिपोर्टलाई अकाट्य प्रमाण मान्नु क्षेत्राधिकारविहीन कार्य हो।**

४. **<u>विश्वका अग्रणी विश्वविद्यालयहरूले (Vanderbilt University[22], Washington State University[23])</u> False Positive को उच्च दर पुष्टि भएपछि AI Detector (Turnitin) को**

---

[21] 2010 DHC 986, (Feb 18, 2010)

[22] हेर्नुहोस: https://www.vanderbilt.edu/generative-ai/academic-integrity/ (केहि महत्वपूर्ण कुरा हरु: १. There are currently no foolproof methods for detecting the use of generative AI, २. A report to the Undergraduate Honor Council cannot be based solely on an artificial intelligence detector score)

[23] हेर्नुहोस: https://provost.wsu.edu/policies/artificial_intelligence/detecting-and-reporting-misconduct/ (१. As of February 2026, WSU has cancelled its contract with Turnitin for its AI Detection software, २. Every false positive has the potential to lead to the submission of a case of a violation of academic integrity against a student, ३. In Fall 2024, Turnitin was used at WSU to analyze 148,547 assessments. Even if the false positive rate is 1%, that means almost 1,485 assessments were likely flagged by Turnitin as AI generated when they were not., ४. Currently, WSU does not endorse the use of any AI detection tool for several reasons)

CamScanner

प्रयोगलाई खारेज गरिसकेका छन् र युरोपेली सङ्घको EU AI Act [24]तथा GDPR [25]ले पनि मानवीय हस्तक्षेप[26] बिना केवल सफ्टवेयरको नतिजाका आधारमा नागरिकमाथि प्रशासनिक असर पार्ने निर्णयलाई पूर्ण रूपमा प्रतिबन्धित गरेको छ।

५ रोचक कुरा के छ भने, Washington State Universityले त झन् आफ्नो आधिकारिक वेबसाइटमा "*Using Microsoft Copilot, ChatGPT or other AI text generators isn't necessarily cheating or academic dishonesty. Brainstorming, early research, revision guidance, editing, and so on are all areas in which AI might be used as a tool to support student learning*[27]." भनी उल्लेख गर्दै कृत्रिम बुद्धिमत्ताको प्रयोग गर्दैमा मात्र त्यसलाई शैक्षिक बेइमानी वा अनुशासनहीनता मात्र नमिल्ने स्पष्ट पारेको देखिन्छ। अझ, उक्त विश्वविद्यालय विश्वका उत्कृष्ट ५०० विश्वविद्यालयभित्र पर्ने विश्वविद्यालय हो।[28] त्रिभुवन विश्वविद्यालयले निर्माण गरेको एन्टी-प्लेजारिजमसम्बन्धी विनियमको दफा १३(क) मा उत्कृष्ट १ देखि ५०० भित्र पर्ने विश्वविद्यालयबाट प्रकाशित सामग्रीको प्लेजारिजम परीक्षण नगर्ने व्यवस्था गरेको देखिन्छ। यसरी, एकातिर विश्वका उत्कृष्ट विश्वविद्यालयमध्ये पर्ने Washington State University ले एआईको प्रयोगलाई स्वतः शैक्षिक बेइमानी नमान्ने दृष्टिकोण अवलम्बन गरेको देखिन्छ भने अर्कोतर्फ त्रिभुवन विश्वविद्यालयको विनियममा एआई प्रयोगसम्बन्धी स्पष्ट र वस्तुनिष्ठ मापदण्डको अभाव देखिन्छ।

६. विपक्षीहरूले प्रयोगमा ल्याएको Turnitin तथा iThenticate सफ्टवेयरले दिने "Likely" नतिजाको प्रामाणिक गुरुत्वाकर्षण शून्य (Zero Evidentiary Weight) हुने र नेपालको कुनै पनि केन्द्र विधायिकी ऐनद्वारा परिभाषित नगरिएको तथा सरकारबाट प्रमाणीकरण नभएको यस अनिश्चित नतिजाका आधारमा विद्यार्थीका **प्राज्ञिक कार्यहरू रोक्नु वा अस्वीकार गर्नु प्राकृतिक न्याय, कानुनी निश्चितता र नेपालको संविधानको धारा १७, २८ र ३१ द्वारा प्रत्याभूत मौलिक हकको प्रत्यक्ष हनन हुने देखिन्छ।**

ङ. निम्न संविधानिक तथा कानुनी प्रश्नहरु निरुपण हुने गरिकन मुद्दाको टुंगो लगाउनु पर्ने देखिन्छ:

१. कृत्रिम बुद्धिमत्ता (AI) को प्रयोगबाट प्राप्त सामग्रीलाई शोधपत्र वा अनुसन्धानमा प्रयोग गर्दैमा मात्र साहित्यिक चोरी (Plagiarism) भएको मान्न मिल्छ वा मिल्दैन?

---

[24] युरोपेली सङ्घको EU AI Act (Regulation (EU) 2024/1689) ले उच्च जोखिमयुक्त (High-Risk) AI प्रणालीहरूमा मानवीय निगरानी अनिवार्य गरेको छ: मानवीय निगरानी (Human Oversight - Article 14): उच्च जोखिमयुक्त AI प्रणालीहरू (जस्तै: प्रशासनिक निर्णय, जागिर छनोट, ऋण मूल्यांकन, सार्वजनिक सेवाको योग्यता) को हकमा प्रणालीलाई यसरी निर्माण गरिनुपर्छ जसले गर्दा मानवले पूर्ण निगरानी राख्न सकून्। Article 14(4): मानव निरीक्षकसँग सफ्टवेयर/AI को निर्णयलाई बेवास्ता गर्ने, सच्याउने वा रोक्ने (Override, disregard, or reverse) स्पष्ट अधिकार र क्षमता हुनुपर्छ। स्पष्टीकरण पाउने अधिकार (Right to Explanation - Article 86): यदि कुनै व्यक्तिमाथि AI को प्रयोग गरी कानुनी वा गम्भीर प्रशासनिक असर पार्ने निर्णय हुन्छ भने, सम्बन्धित व्यक्तिलाई उक्त निर्णयमा AI को भूमिकाबारे स्पष्टीकरण माग गर्ने कानुनी अधिकार छ।हेर्नुहोस: https://eur-lex.europa.eu/eli/reg/2024/1689/oj/eng

[25] हेर्नुहोस: https://gdpr-info.eu/art-22-gdpr/

[26] Mandatory Safeguards - Article 22(3)- (Right to obtain human intervention) हेर्नुहोस: https://gdpr-info.eu/art-22-gdpr/

[27] हेर्नुहोस: https://provost.wsu.edu/policies/artificial_intelligence/detecting-and-reporting-misconduct/

[28] हेर्नुहोस: https://www.upgrad.com/study-abroad/university/usa/washington-state-university-563/ranking/

CamScanner

२ साहित्यिक चोरी (Plagiarism) स्थापित हुन आवश्यक तत्वहरू के के हुन्? AI को प्रयोग सोभित्र पर्छ वा पर्दैन?

३ Turnitin सफ्टवेयरको नतिजा अविश्वसनीय र त्रुटिपूर्ण भएको भन्दै अन्तर्राष्ट्रिय विश्वविद्यालयहरूले समेत यसको प्रयोग छाडिरहेको सन्दर्भमा, यही Turnitin लाई मात्र आधार बनाएर नेपाली विद्यार्थीहरूको शोधपत्रमा AI Detection को कारबाही गर्नु कत्तिको न्यायोचित र उपयुक्त हुन्छ वा हुँदैन ?

४ कृत्रिम बुद्धिमत्ता (AI) को प्रयोग भएको आधारमा मात्र कुनै शोधपत्र वा अनुसन्धानको मौलिकता समाप्त भएको निष्कर्ष निकाल्न मिल्छ वा मिल्दैन?

५ नेपालको कुनै पनि प्रचलित कानुनले अनुसन्धान, लेखन तथा प्राज्ञिक कार्यमा कृत्रिम बौद्धिकता (AI) लाई सहायक साधनका रूपमा प्रयोग गर्न निषेध वा प्रतिबन्ध नलगाएको अवस्थामा, संविधानको धारा १७(२)(क) द्वारा प्रत्याभूत विचार तथा अभिव्यक्ति स्वतन्त्रताको हक अन्तर्गत नागरिक/विद्यार्थीले आफ्नो विचार, अनुसन्धान र अभिव्यक्ति तयार गर्दा AI जस्ता साधनको प्रयोग गर्न पाउने हुन्छ वा हुँदैन? कानुनद्वारा नै नतोकिएको त्यस्तो प्रयोगलाई विश्वविद्यालय, शैक्षिक संस्था वा अन्य निकायले आफ्नै विनियम/अभ्यासमार्फत निषेध वा दण्डनीय बनाउनु संविधानअनुकूल हुन्छ वा हुँदैन?

६. त्रिवि एण्टी प्लेजारिजम विनियम, २०८० को दफा १०(३) बमोजिम AI Detected सामग्रीको आधारमा शोधपत्र अस्वीकार गर्दा सफ्टवेयरको त्रुटि विरुद्ध प्रतिवाद गर्ने, प्रमाण पेस गर्ने वा प्राकृतिक न्यायको सिद्धान्त विपरीत बिनासुनुवाइ अस्वीकार गर्न मिल्छ वा मिल्दैन ?

७. कुनै निजी व्यावसायिक कम्पनीद्वारा विकसित AI Detection सफ्टवेयरले प्रस्तुत गरेको सम्भावित (Likely) नतिजालाई मात्र आधार बनाई विद्यार्थीको मौलिक अनुसन्धान, शोधपत्र वा प्राज्ञिक कार्य अस्वीकार गर्नु नेपालको संविधानको धारा ३१ द्वारा प्रत्याभूत शिक्षासम्बन्धी हक अनुकूल हुन्छ वा हुँदैन?

८. विश्वविद्यालयले आफ्नो मूल ऐन तथा नियमावलीले प्रदान गरेको अधिकारक्षेत्रभन्दा बाहिर गई स्पष्ट कानुनी आधार, पारदर्शी मापदण्ड र न्यायोचित प्रक्रिया निर्धारण नगरी AI Detection सम्बन्धी बाध्यकारी व्यवस्था लागू गर्न मिल्छ वा मिल्दैन?

९. विद्यार्थीको स्पष्ट सहमति, वैधानिक प्रशोधनको आधार, प्रयोजनको पारदर्शिता तथा आवश्यक सुरक्षा सुनिश्चित नगरी विद्यार्थीका शोधपत्र, व्यक्तिगत विवरण तथा डिजिटल गतिविधिसम्बन्धी सूचना विदेशी निजी कम्पनीलाई उपलब्ध गराउनु वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ तथा संविधानको धारा २८ अनुकूल हुन्छ वा हुँदैन?

१०. त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ ले दिएको सामान्य नियम/विनियम बनाउने अधिकारअन्तर्गत "AI Detected Content" का आधारमा थेसिस,अस्वीकार गर्ने व्यवस्था गर्ने विनियम, २०८० र सोको बुँदा १०(३) ले ऐनको उद्देश्य नाघेको छ वा छैन ?

११. केवल सम्भाव्यता (Probability/Likely) देखाउने, बन्द-स्रोत(CLOSED SOURCE CODE) र निर्माता कम्पनी आफैंले निर्णायक नभनेको सफ्टवेयरको स्कोरमा प्रमाणको मूल्य (Evidentiary Weight) हुन्छ वा हुँदैन?

१२. AI नियमन सम्बन्धी कानुन वा मापदण्ड तर्जुमा गर्ने जिम्मेवारी सरकारको कुन निकायमा रहेको छ, र त्यस्तो कानुन/मापदण्ड नबनेसम्म शैक्षिक, पेसागत र प्रकाशकीय निकायले आफ्नै तहमा बाध्यकारी AI detection व्यवस्था लागू गर्न मिल्छ वा मिल्दैन?

CamScanner

१३. निवेदकको माग बमोजिम आदेश जारी गर्नु पर्ने हो वा होइन ?

ढ. मागदावी:

माथि उल्लिखित तथ्य, कारण र कानुनी आधारमा हाम्रो माग निम्नबमोजिम छ। नेपालको संविधानको धारा १३३ को उपधारा (१), (२) र (३) बमोजिम निम्न आदेशहरू जारी गरिपाऊँ:

१. अन्य निकायसम्बन्धी :

क. नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ को अनुसूची ३ को क्रमसङ्ख्या ४२ बमोजिम एआई (AI) सम्बन्धी विषय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहेको तथा सोही कार्यालयको मिति २०८३/०६/२१ को पत्रबाट एआई नियमन गर्ने छुट्टै ऐन वा नियमावली हालसम्म नरहेको तथ्य स्वीकार भइसकेको अवस्थामा; सर्वप्रथम कानून, सूचना प्रविधि, कम्प्युटर विज्ञान, साइबर सुरक्षा, भाषाविज्ञान, शिक्षा तथा अनुसन्धान क्षेत्रका विषयविज्ञ, विश्वविद्यालयका प्राज्ञिक प्रतिनिधि तथा विद्यार्थी प्रतिनिधिसमेत सम्मिलित उच्चस्तरीय विशेषज्ञ समिति गठन गरी शैक्षिक क्षेत्रमा एआई डिटेक्सन **(AI Detection) को वास्तविक आवश्यकता, औचित्य र प्रयोगको औचित्यताबारे विस्तृत छलफल तथा अध्ययन गराउनु; र सो अध्ययन समितिले दिएको प्रतिवेदनको निष्कर्षका आधारमा मात्र एआईको प्रयोगसम्बन्धी आवश्यक नीति तथा कानुन निर्माण गर्नु, गराउनु भनी परमादेश जारी गरिपाऊँ।**

ख. यदि अध्ययन समितिले एआई डिटेक्सनको प्रयोग आवश्यक र अपरिहार्य रहेको ठहर गरेमा मात्र, त्यसको वैज्ञानिक विश्वसनीयता, सीमितता, फल्स पोजिटिभ/नेगेटिभ (False Positive/Negative) को दर, नेपालीलगायत मातृभाषामा प्रभावकारिता तथा वैयक्तिक सूचना र शैक्षिक सामग्रीको सुरक्षासम्बन्धी स्पष्ट, वैज्ञानिक तथा एकरूप मापदण्ड र कार्यविधि निश्चित समयावधिभित्र निर्माण गरी लागू गर्नु वा गराउनु भनी परमादेश जारी गरिपाऊँ।

ग. विपक्षी रक्षा मन्त्रालय, प्रेस काउन्सिल नेपाल र नेपाल कानून व्यवसायी परिषद्ले आफ्ना जर्नलमा आएका लेख तथा रचनाहरूमा विदेशी वा अपरीक्षित एआई डिटेक्सन स्कोरलाई मात्र आधार बनाई प्रकाशनमा बन्देज लगाउने वा अस्वीकार गर्ने कार्य नगर्नु वा नगराउनु भनी परमादेश जारी गरिपाऊँ। यस्तो अवस्थामा **सम्पादकीय मानवीय मूल्याङ्कन र लेखकको लिखित तथा मौखिक सुनुवाइको अवसरलाई अनिवार्य गर्नु र गराउनु भनी परमादेशको आदेश जारी गरिपाऊँ।**

घ. रक्षा मन्त्रालयले एआई डिटेक्सनको कार्यका लागि 'त्रिभुवन विश्वविद्यालय एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विनियम, २०८०' प्रयोग गर्ने गरेको देखिए तापनि, उक्त विनियमले रक्षा मन्त्रालयलाई समेट्दैन। अतः सो विनियमको आधारमा रक्षा मन्त्रालयले एआई डिटेक्सनसम्बन्धी कार्य नगर्नु, नगराउनु; र यदि एआई डिटेक्सनको प्रयोग आवश्यक नै देखिएको खण्डमा पहिले स्पष्ट कानुनी व्यवस्था तथा मापदण्ड निर्माण गरेर मात्र सोबमोजिमको कार्य गर्नु वा गराउनु भनी विपक्षी रक्षा मन्त्रालयका नाममा **परमादेशको आदेश जारी गरिपाऊँ।**

ङ. शोधपत्र वा प्राज्ञिक कार्यमा अन्य कसैको सामग्री हुबहु चोरी गरिएको छ वा छैन तथा अस्वाभाविक सादृश्यता (Similarity/Plagiarism) छ वा छैन भनी जाँच गर्ने कार्यका लागि विदेशी वा तेस्रो पक्षीय निजी सफ्टवेयरमा मात्र सम्पूर्ण रूपमा निर्भर नभई, प्राज्ञिक मर्यादा, नेपाली मातृभाषा तथा कानुनी परिवेशअनुकूल हुने गरी स्वदेशी तथा आफ्नै आधिकारिक, भरपर्दो

CamScanner

CamScanner

र सुरक्षित सफ्टवेयर वा प्रणालीको निर्माण, विकास तथा सञ्चालन गर्न आवश्यक व्यवस्था निश्चित समयावधिभित्र गर्नु/गराउनु भनी **विपक्षीहरूका नाममा परमादेश जारी गरिपाऊँ।**

च. हालको अवस्थामा एआई (AI) को दुरुपयोग गरी हुनसक्ने विभिन्न अपराधहरूसमेत निरूपण तथा निवारण गर्नुपर्ने आवश्यकता देखिएको हुँदा; एआईको माध्यमबाट हुने अपराधहरूको नियन्त्रण, अनुसन्धान र निरूपणका लागि आवश्यक नीति, कानुन तथा संस्थागत संरचना निर्माण गर्नका लागि आवश्यक कार्य गर्नु वा गराउनु भनी विपक्षीहरूका **नाममा परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाऊँ।**

२. **<u>गोपनीयता, डेटा सुरक्षा तथा प्राविधिक त्रुटि (False Positives) सम्बन्धी:</u>**

विपक्षी त्रिभुवन विश्वविद्यालय तथा सो अन्तर्गतका निकायहरूले विद्यार्थी तथा शोधार्थीहरूको वैयक्तिक सूचना, मौलिक शोधपत्र, बौद्धिक सिर्जना तथा शैक्षिक सामग्रीहरू Turnitin/iThenticate जस्ता विदेशी निजी कम्पनीका सफ्टवेयरमा अपलोड, सङ्कलन, भण्डारण तथा प्रशोधन (Processing) गराउने कार्य गरिरहेको र यसरी नेपाली नागरिकका वैयक्तिक र बौद्धिक सम्पत्ति तेस्रो पक्ष (Foreign Third-Party Vendor) को सर्भरमा पठाउँदा नेपालको संविधानको धारा २८ द्वारा प्रदत्त गोपनीयताको हक तथा वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ ले प्रत्याभूत गरेको कानुनी संरक्षणको पूर्ण उल्लङ्घन हुने हुँदा यस्तो संवेदनशील डेटा विदेशी निजी सफ्टवेयरलाई बुझाउनुअघि शोधार्थीहरूको कुनै पनि पूर्व-सूचित सहमति (Informed Consent) नलिइएको, विश्वविद्यालय र ती सफ्टवेयर प्रदायकबिच डेटा सुरक्षाको वैधानिक ढाँचा (Legal Framework) नबनेको र गोपनीयता भङ्ग (Data/Privacy Leak) हुन नदिने पर्याप्त सुरक्षात्मक प्रत्याभूति (Data Protection Safeguards) समेत नरहेकाले र यसका साथै, यस्ता एन्टि-प्लगियारिस्म सफ्टवेयरहरू शतप्रतिशत त्रुटिरहित नभई केवल सम्भाव्यता (Likelihood/Probability) का आधारमा सञ्चालन हुने अल्गोरिदममा आधारित रहेको र 'प्लगियारिस्म' वा 'AI-generated' भनी देखाउने (False Positives) गम्भीर प्राविधिक सीमा र त्रुटिहरू बोकेका स्वयं स्वीकार गरेको हुँदा यसरी त्रुटिपूर्ण, सम्भावनामा आधारित र अपूर्ण प्रविधिका भरमा विद्यार्थीहरूको वर्षौंदेखिको मिहिनेत र शोधपत्र अस्वीकार गर्ने वा दण्डित गर्ने कार्य आफैंमा अवैज्ञानिक, तर्कहीन, स्वेच्छाचारी र मौलिक हकको प्रतिकूल असर पर्ने हुँदा **Turnitin/iThenticate लगायतका विदेशी निजी सफ्टवेयरमार्फत विद्यार्थीका वैयक्तिक सूचना, शोधपत्र तथा शैक्षिक सामग्री अपलोड, सङ्कलन, भण्डारण वा प्रशोधन गर्ने/गराउने कार्य तत्काल रोक्नु र नगर्नु/नगराउनु भनी परमादेश लगायत जो चाहिने उपयुक्त आदेश जारी गरिपाऊँ।**

३. **<u>विनियम र कारवाहीसम्बन्धी :</u>**

क. त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ ले दिएको सामान्य नियम/विनियम बनाउने प्रत्यायोजित अधिकार (Delegated Authority) को सीमा नाघी, मूल ऐनमा कतै परिकल्पना नगरिएको कृत्रिम बुद्धिमत्ता (AI) को प्रयोगलाई दण्डनीय मान्ने र थेसिस/शोधपत्र नै अस्वीकार गर्नेसम्मका नयाँ सारवान दायित्व र प्रतिबन्ध (Substantive Obligations and Restrictions) सिर्जना गरिएको हुँदा, उक्त विनियम **माथि चर्चा गरिएको आधार** र प्रत्यायोजित विधायनको सर्वमान्य सिद्धान्त बिपरित रही अमान्य र Ultra Vires हुने विषय रहेको छ । **त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को कुनै पनि दफामा विनियम बनाउने अधिकार दिएको देखिदैन** , तसर्थ, **उक्त विनियम, २०८० को बुँदा १०(३) वा त्रिभुवन**

CamScanner

रहेको छ। यसबाट विद्यार्थीहरूको निर्धारित शैक्षिक मूल्याङ्कन, सेमेस्टर उत्तीर्ण गर्ने प्रक्रिया तथा शैक्षिक भविष्यमा प्रत्यक्ष असर पर्ने हुँदा पछि रिट निवेदनको अन्तिम सुनुवाइबाट प्राप्त हुने उपचारले समेत त्यस्तो क्षति पूर्ण रूपमा पूर्ति गर्न नसक्ने अवस्था छ। स्वयं सफ्टवेयर प्रदायक कम्पनी Turnitin ले समेत AI Detection Report लाई निर्णायक प्रमाण नभई थप मानवीय मूल्याङ्कन आवश्यक पर्ने सूचकका रूपमा स्वीकार गरेको अवस्थामा त्यस्तो सम्भाव्यतामा आधारित प्रतिवेदनलाई मात्र निर्णायक आधार बनाई विद्यार्थीको शैक्षिक भविष्यमा प्रतिकूल असर पार्नु प्रथम दृष्टिमै न्यायिक परीक्षणको विषय रहेको छ। अन्तरिम आदेश जारी गर्दा विपक्षीहरूको साधारण Plagiarism (Similarity Check) नियन्त्रण र शैक्षिक सत्यनिष्ठा कायम राख्ने कार्यमा कुनै अवरोध पुग्दैन। निवेदकहरूको मुख्य विषय AI Detection को सम्भाव्यता (Likelihood) मा आधारित नतिजालाई मात्र निर्णायक मानी कारवाही गर्दा विद्यार्थीमाथि हुने अपूरणीय क्षति रोक्नु र मानवीय सुनुवाइ सुनिश्चित गर्नु हो। अतः विपक्षीहरूको नियमित कार्य रोकिने अवस्था नरहेको र सुविधाको सन्तुलन (Balance of Convenience) निवेदकहरूकै पक्षमा रहेकाले अन्तरिम आदेश जारी हुनुपर्छ।

अतः सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम प्रथम दृष्टिमा देखिएको कानुनी आधार (Prima Facie Case), अपूरणीय क्षति (Irreparable Loss or Injury), सुविधाको सन्तुलन (Balance of Convenience) तथा प्रभावकारी न्यायिक उपचारको आवश्यकतासमेतलाई दृष्टिगत गरी प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म देहाय बमोजिमका अन्तरिम आदेश जारी गरिपाऊँ।

१. *विपक्षी त्रिभुवन विश्वविद्यालय (TU) लगायतका शैक्षिक निकायहरूले विद्यार्थीहरूको वैयक्तिक गोपनीयताको संवैधानिक हक तथा वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ को सुस्पष्ट कानूनी प्रावधानहरूको प्रतिकूल हुने गरी 'Turnitin' को iThenticate नामक सफ्टवेयरको अनिवार्य प्रयोगमार्फत विद्यार्थीहरूको वैयक्तिक तथा बौद्धिक तथ्याङ्कहरू अनधिकृत रूपमा सङ्कलन गर्ने, विदेशी कर्पोरेट सर्भरहरूमा अनिश्चितकालका लागि भण्डारण गर्ने र कृत्रिम बौद्धिकता (AI) तथा मेसिन लर्निङ मोडलहरूको व्यावसायिक तालिमका लागि प्रयोग गर्ने कार्य गरिरहेको देखिएको छ। Turnitin को अधिकारिक गोपनीयता नीति (Privacy Policy, 4 February 2026) को दफा र प्रावधानहरूको गहिरो परीक्षणबाटै उक्त तथ्य प्रथम दृष्टया (Prima Facie) निर्विवाद रूपमा पुष्टि हुन्छ। उक्त नीतिका अनुसार सफ्टवेयरले विद्यार्थीहरूको शैक्षिक लिखतहरू (Submissions) मात्र नभई "browser-based user activity within a composition editor tab (e.g., mouse clicks, keystrokes, session timing, editing actions)" अर्थात् कि-स्ट्रोक (Keystrokes) र व्यवहारजन्य तथ्याङ्क (Writing Process Data) हरू समेत प्रत्यक्ष रूपमा ट्रयाक गरी सङ्कलन गर्दछ. साथै, सोही नीतिमा स्पष्ट रूपमा भनिएको छ कि "We require an email address and Account Name in order to service an account" र सङ्कलित ती सम्पूर्ण वैयक्तिक विवरण तथा तथ्याङ्कहरूलाई "To develop, refine, and improve machine learning or artificial intelligence models... including the use of anonymized, aggregated, or de-identified student data" व्यावसायिक AI मोडलको तालिम र सुधारका लागि प्रयोग गरिन्छ तथा आवश्यकता अनुसार विभिन्न विदेशी मुलुकहरूमा भण्डारण (Retain/Store) गरिन्छ र,*

CamScanner

नेपालको कानूनले यस प्रकारको अभ्यासलाई पूर्ण रूपमा निषेध गरेको छ। दफा १२(३) को उल्लङ्घन: वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ को दफा १२(३) ले कुनै पनि संस्थाले तथ्याङ्क जुन प्रयोजनको लागि सङ्कलन गरेको हो, सोही प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्ने अनिवार्य व्यवस्था गरेकोमा, त्यसरी सङ्कलन गरिएका शैक्षिक लिखतहरू र इमेलहरूलाई व्यावसायिक AI मोडलको तालिममा प्रयोग गर्नु उद्देश्यको भिन्नता (Purpose Limitation) को गम्भीर उल्लङ्घन हो। दफा १९(१) र (२) को उल्लङ्घन (विद्युतीय माध्यम र पत्राचारको गोपनीयता): ऐनको दफा १९ ले विद्युतीय माध्यममा रहेका सूचना, जानकारी, इमेल र संवादहरूको गोपनीयता अनधिकृत रूपमा भङ्ग गर्न वा सङ्कलन गर्न प्रतिबन्ध लगाएको छ। विद्यार्थीहरूको अनुमतिविना उनीहरूको कि-स्ट्रोक, ब्राउजर गतिविधि र इमेल ठेगाना ट्र्याक गरी भण्डारण गर्नु यसको प्रत्यक्ष प्रतिकूल छ। दफा २५ र २६ को उल्लङ्घन (अनधिकृत रूपमा विदेशमा भण्डारण र प्रशोधन): ऐनको दफा २५ बमोजिम वैयक्तिक सूचनाको संरक्षण गर्ने दायित्व रहेकोमा र दफा २६(१) ले सम्बन्धित व्यक्तिको स्पष्ट सहमतिविना वैयक्तिक सूचना तेस्रो पक्षलाई दिन वा प्रयोग गर्न निषेध गरेकोमा, नेपालका विश्वविद्यालयका विद्यार्थीहरूको संवेदनशील तथ्याङ्कहरूलाई कानूनी सुरक्षाको पर्याप्त प्रत्याभूतिविना विदेशी सर्भरमा स्थायी रूपमा भण्डारण गर्नु र गर्न लगाउनु पूर्ण रूपमा गैरकानूनी छ। सार्वजनिक शैक्षिक संस्थाको रूपमा रहेको त्रिभुवन विश्वविद्यालयले कानूनी अख्तियारी विना विद्यार्थीहरूको वैयक्तिक, शैक्षिक तथा व्यवहारजन्य सूचनाहरू यसरी तेस्रो पक्षीय विदेशी कम्पनीलाई उपलब्ध गराउनु, उनीहरूको इमेल तथा कि-स्ट्रोक विदेशी सर्भरमा भण्डारण गर्न दिनु कानूनसम्मत मान्न सकिँदैन। एकपटक विद्यार्थीहरूको बौद्धिक सम्पत्ति, वैयक्तिक इमेल र व्यवहारजन्य तथ्याङ्कहरू अन्तर्राष्ट्रिय सर्भरहरूमा पुगी AI प्रणालीको एल्गोरिदममा समाहित भए पश्चात त्यसलाई सदाका लागि मेटाउन (Delete) वा फिर्ता ल्याउन भौतिक तथा प्राविधिक रूपमा असम्भव हुने हुँदा, यसले निवेदकहरू र विधार्थीहरुलाई अपुरणीय क्षति (Irreparable Harm) पुर्याउने निश्चित छ। तसर्थ, <u>सुविधा र सन्तुलनको दृष्टिकोणसमेतबाट प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विपक्षी त्रिभुवन विश्वविद्यालय र यो SOFTWARE प्रयोग गर्ने निकायहरु लाई उक्त सफ्टवेयर सञ्चालन नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी गरिपाऊँ।</u>

२. <u>विपक्षी त्रिभुवन विश्वविद्यालय तथा नेपाल ल क्याम्पसको हकमा-</u> निवेदक लगायत विद्यार्थीहरूले पेस गरेका वा पेस गर्ने अनुसन्धानमूलक लेख, शोधपत्र, शोधप्रबन्ध, Dissertation, Seminar-I (Doctrinal Research), Seminar-II (Non-Doctrinal Research), Nepal Journal of Legal Studies (NJLS) मा प्रकाशनार्थ पेस गरिने लेख–रचना, Clinical Law Report तथा अन्य प्राज्ञिक कार्यहरूमा Turnitin/iThenticate वा अन्य कुनै निजी सफ्टवेयरबाट प्राप्त AI Detection प्रतिशत, स्कोर वा 'Likely AI-generated' भन्ने स्वचालित <u>नतिजालाई मात्र एकमात्र वा निर्णायक आधार बनाई मानवीय मूल्याङ्कन नगरी त्यस्ता प्राज्ञिक कार्य अस्वीकार गर्ने, रोक्का गर्ने, मूल्याङ्कन नगर्ने, प्राप्ताङ्क घटाउने, मौखिक परीक्षा वा शैक्षिक उपाधि प्राप्त गर्ने प्रक्रियाबाट वञ्चित गर्ने वा अन्य कुनै प्रतिकूल शैक्षिक तथा प्रशासनिक कारबाही गर्ने कार्य नगर्नु, नगराउनु।</u>

CamScanner

३. *शोधपत्र वा अनुसन्धान प्रतिवेदनको मूल्याङ्कन गर्दा कुनै आशङ्का उत्पन्न भई वा प्रतिवेदन अस्वीकार गर्नुपर्ने कुनै आधार देखिएमा; सम्बन्धित विद्यार्थी वा अनुसन्धानकर्तालाई सोको ठोस कारण र आधारसहित पूर्वजानकारी दिने, निजले प्रयोग गरेको शोधपत्रको विषयवस्तु, उद्धृत सामग्री (Citation), त्यसको स्रोत र वास्तविक आशयको सूक्ष्म मानवीय मूल्याङ्कन गर्ने, तथा मस्यौदा, स्रोत सामग्री र मौलिकता पुष्टि गर्ने प्रमाण पेस गर्ने पर्याप्त एवं न्यायोचित अवसर प्रदान नगरी कुनै प्रतिकूल शैक्षिक निर्णय नगर्नु वा नगराउनु; र कुनै सफ्टवेयरले दिएको <u>स्वचालित स्कोर वा नतिजालाई मात्र अन्तिम आधार बनाई मूल्याङ्कन वा कारवाही गर्ने कार्य नगर्नु वा नगराउनु ।</u>*

४. *शोधपत्र वा प्राज्ञिक कार्यमा अन्य कसैको सामग्री हुबहु चोरी गरिएको छ/छैन वा अस्वाभाविक सादृश्यता छ/छैन भन्ने सम्बन्धमा Similarity/Plagiarism Check गर्ने कार्य भने निरन्तर गर्नु/गराउनु।*

त. <u>*प्रस्तुत रिट निवेदनलाई अग्राधिकार प्रदान गरी शीघ्र सुनुवाइ गरिपाऊँ:*</u> प्रस्तुत रिट निवेदनमा निवेदकको शैक्षिक हक, अनुसन्धानको मौलिकता, वैयक्तिक गोपनीयता तथा विश्वविद्यालयबाट अपनाइने शैक्षिक मूल्याङ्कन प्रक्रियाको कानुनी वैधतासँग सम्बन्धित गम्भीर कानुनी प्रश्नहरू उठाइएका छन्। यस विवादको निरूपणमा ढिलाई भएमा निवेदकको शैक्षिक भविष्य, अनुसन्धान कार्य तथा प्राप्त हुन सक्ने शैक्षिक अवसरहरूमा अपूरणीय क्षति पुग्न सक्ने भएकाले न्यायको प्रभावकारिता कायम राख्न शीघ्र सुनुवाइ आवश्यक रहेको छ। अतः विवादको गम्भीरता र संवेदनशीलतालाई दृष्टिगत गरी प्रस्तुत **रिट निवेदनलाई अग्राधिकार प्रदान गरी विपक्षीहरूबाट लिखित जवाफ प्राप्त भएको <u>मितिले एक हप्ताभित्र पेसीमा पालो आउने गरी प्राथमिकताका साथ पेसीमा चढाई शीघ्र सुनुवाइ तथा निरूपण गरिपाऊँ।</u>**

थ. हाल कानुन व्यवसायी नियुक्त नगरिएकोले, पछि नियुक्त हुने व्यवसायीले पेश गर्ने बहस वुँदा र कागजातलाई यसै निवेदनको अभिन्न अङ्ग मानिपाऊँ।

द. यो रिट निवेदन पत्र सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४३(१) बमोजिम यस विषयमा समानान्तर क्षेत्राधिकारको अन्य कुनै पनि अदालतमा निवेदन गरेको छैन।

ध. <u>यस निवेदनका साथ निम्न प्रमाण कागजातहरु समावेश गरिएको छ।</u>

१. निवेदकहरूको नेपाली नागरिकता र कानून विद्यार्थी रहेको पुष्टि हुने कागजात.....१

२. **एआईको युगमा नेपाली कानुन कति तयार? भन्ने विषयमा प्रकाशन भएको** लेख [29]**र** यसमा **(एआईद्वारा सिर्जित लेख, चित्र, भिडियो वा अन्य सिर्जनात्मक सामग्रीको प्रतिलिपि अधिकार कसलाई प्राप्त हुने भन्ने विषय पनि स्पष्ट छैन)** भनेर उल्लेख भएको देखिन्छ.....२

३. **AI Detection Software** को स्वचालित नतिजाका आधारमा विद्यार्थीका शैक्षिक कार्य अस्वीकार गर्ने तथा प्रतिकूल कारबाही गर्ने कार्य तत्काल रोक्न अनुरोध गरिएको सम्बन्धमा इमेल द्वारा गरिएको ध्यानाकर्षण निवेदन.....३

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र : निवेदनमा उल्लेख गरिएको प.सं. ०८३/४४, च.नं. सू.प्रे.सं.//२०३९, मिति २०८३/०६/२१ को सूचना/पत्र.....४

[29] रोशन आउजी द्वारा लेखिएको लेख: हेर्नुहोस: https://ekantipur.com/opinion/2026/08/31/how-ready-is-nepali-law-in-the-era-of-ai-55-55.html

CamScanner

५. त्रिभुवन विश्वविद्यालय एण्टी-प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विनियम, २०८० को प्रतिलिपि.....५

६. रक्षा मन्त्रालयको मिति २०८३/०७/२० गतेको, च.नं. १७२२ को पत्र.....६

७. प्रेस काउन्सिल नेपालको मिति २०८३/०६/२६ गतेको च.नं. ७२५ को पत्र.....७

८. तिनै सामग्रीहरूलाई **ZeroGPT** मा परीक्षण गर्दा **'Human written'** देखाएको रिपोर्ट र **Grammarly** मा परीक्षण गर्दाको नतिजा.....८

९. **Turnitin / iThenticate** सफ्टवेयरले **AI** देखाएको **(Likely AI-generated)** रिपोर्ट.....९

१०. मिति २०८१/०६/०७ गते त्रिभुवन विश्वविद्यालयले कृत्रिम बुद्धिमत्ता **(AI)** प्रयोग गरेको पाइएमा परीक्षा रद्द गरिने सम्बन्धमा जारी गरेको सूचना.....१०

नं. यस निवेदनमा लेखिएको व्यहोरा ठिक साँचो छ र पूर्णरुपले सत्य छ ।

निवेदकहरु:

कानुनको विद्यार्थी विवेक चौधरी.....१

कानुनका विद्यार्थी रोशन आउजी.....२

कानुनका विद्यार्थी आशिष केशरी.....३

कानुनका विद्यार्थी विकेश कुमार यादव..४

कानुनका विद्यार्थी प्रधुमन कुमार सिंह.....५

कानुनका विद्यार्थी निकेश नेपाल....६

इति संवत २०८३ साल कात्तिक महिना २७ गते रोज ५ शुभम्.....१

CamScanner

CamScanner